एम्नेस्टी इन्टरनेसनल

एम्नेस्टी इन्टरनेसनल नेपाल

# तीसौं साधारण सभा

धुलिखेल, काभ्रेपलाञ्चोक

१८-१९ चैत्र २०७८ (०१-०२ अप्रिल २०२२)

## दस्तावेज पुस्तिका

# दस्तावेज – सूची


| | |
|---|---|
| १. **साधारण सभाको कार्यसूची** (एजेण्डा) | १ |
| २. **महासचिवद्वारा प्रस्तुत नेशनल बोर्डको वर्ष २०७७/७८ को प्रतिवेदन** | २ |
| ३. **वर्ष २०२२ को वार्षिक कार्ययोजना** (Operational Plan 2022) | १० |
| ४. **वर्ष २०२२ को वार्षिक बजेट** (Annual Budget 2022) | २९ |
| ५. **एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान** | ३१ |
| ६. **एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारणसभा नियमावली** | ४७ |
| ७. **एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको समूह र युथ नेटवर्कक सञ्चालनसम्बन्धी नियमावली** | ५६ |
| ८. **एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको नेसनल बोर्ड नियमावली** | ६२ |

# तीसौं साधारण सभा

धुलिखेल, काभ्रेपलाञ्चोक
१८-१९ चैत्र २०७८ (०१-०२ अप्रिल २०२२)

एम्नेस्टी इन्टरनेसनल
एम्नेस्टी इन्टरनेसनल नेपाल

## प्रस्तावित कार्यक्रम (एजेण्डा)

| | |
|---|---|
| **२०७८ चैत्र १८ गते (०१ अप्रिल २०२२) शुक्रबार** | |
| ०८.३० बजेदेखि १४.३० बजे सम्म | सहभागीहरूको नामदर्ता |
| १३.०० - १४.३० | उद्घाटन कार्यक्रम |
| १४.३० - १४.४५ | चिया |
| **१४:४५ बजेदेखि बन्दसत्र प्रारम्भ** | |
| १४:४५ - १५:१५ | • गणपुरक सङ्ख्याको जानकारी<br>• एजेण्डा अनुमोदन<br>• गणक (Tellers) र प्रतिवेदक (Rapporteur) को नियुक्ति अनुमोदन<br>• साधारण सभा कार्यक्रम र यसको सञ्चालन ढाँचा सम्बन्धमा जानकारी |
| १५:१५ - १६:०० | आ.व. २०७७/७८ को वार्षिक कार्यक्रम प्रतिवेदन प्रस्तुत/छलफल तथा सन् २०२२ को कार्ययोजना प्रस्तुत/छलफल |
| १६:०० - १६:३० | नेसनल बोर्डको २०७७/७८ को वार्षिक प्रतिवेदन प्रस्तुत/छलफल |
| १६:३० - १७:०० | आ.व. २०७७/७८ को लेखापरीक्षण तथा आर्थिक प्रतिवेदन प्रस्तुत/छलफल |
| १७:०० - १७: ०५ | आ.व. २०७८/७९ को लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्तिसम्बन्धी प्रस्ताव |
| १७:०५ - १७.१५ | निर्वाचन अधिकृतद्वारा निर्वाचन प्रक्रिया र कार्यक्रमबारे जानकारी |
| १७:३० - १८:०० | ह्युमन राइट्स् याक्सन |
| **१९:०० बजे उप्रान्त** | **रात्रि भोजन** |
| **२०७८ चैत्र १९ गते (२ अप्रिल २०२२) शनिबार** | |
| ०७:००–०८:३० | चिया/नास्ता |
| **०९:०० बजे देखि बन्दसत्र प्रारम्भ** | |
| ०८:३०–१२:३० | निर्वाचन कार्यक्रम |
| १२:३०–१३:३० | दिवा भोजन |
| १४:००–१७:०० | मतगणना, निर्वाचन परिणाम घोषणा, प्रमाणपत्र वितरण |
| १७:०० | समापन कार्यक्रम |
| **१९:०० बजे उप्रान्त** | **रात्रि भोजन** |
| **२०७८ चैत्र २० गते (०३ अप्रिल २०२२), आइतबार** | |
| ०८:०० | पत्रकार सम्मेलन |

## का.वा. महासचिवद्वारा प्रस्तुत नेसनल बोर्ड २०७७/७८ को वार्षिक प्रतिवेदन

एम्नेस्टी इन्टरनेसनल नेपालको तीसौं वार्षिक साधारण सभाका सम्मानित अध्यक्षज्यू, एम्नेस्टी नेपालमा आबद्ध विभिन्न समूह र युथ नेटवर्कका प्रतिनिधिज्यूहरू, पर्यवेक्षकज्यूहरू, नेसनल बोर्ड तथा पुनरावेदन समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, अन्तर्राष्ट्रिय बोर्ड र सचिवालयका पर्यवेक्षकज्यूहरू, एम्नेस्टी इन्टरनेसनलका विभिन्न शाखाहरूबाट पाल्नुभएका अतिथिज्यूहरू, सल्लाहकारज्यूहरू, पूर्वअध्यक्षज्यूहरू तथा राष्ट्रिय सचिवालयका कर्मचारीहरू,

मानवअधिकारको विश्वव्यापी सिद्धान्त, मूल्य, मान्यता र यससम्बन्धी आफ्ना नीतिहरूमा अडिग रही अन्तर्राष्ट्रिय अभियानको एउटा हिस्साको रूपमा कार्यरत यस एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको गरिमामय तीसौं वार्षिक साधारण सभामा नेसनल बोर्डका तर्फबाट यो प्रतिवेदन पेश गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु ।

### सम्मानित सभाका अध्यक्षज्यू एवं सभासद्ज्यूहरू,

एक करोड भन्दा बढी सदस्य एवं समर्थक रही विश्वव्यापी कार्यक्षेत्र भएको एम्नेस्टी इन्टरनेसनलको नेपाल शाखाको सदस्य हुनु आफैंमा एउटा गौरवको विषय हो । विभिन्न आरोह-अवरोह र उतार चढाव झेल्दै लामो अनुभवबाट खारिएर आजको यस तीसौं साधारण सभासम्म आइपुग्दा एम्नेस्टी नेपालले आफ्नो गभर्नेन्सका सवालमा अग्रगामी, प्रगतिशील, समावेशी र एउटा स्पष्ट दिशावोधसहितको दिगो र चिरस्थायी मार्ग पहिल्याउन प्रयत्न गरिरहेको अवस्था छ । यस संस्थाले मानवअधिकारसम्बन्धी कार्यगत दक्षतामा पनि नयाँ खुड्किलो पार गरी आफ्नो उद्देश्यसार्थक ("fit for purpose") ढङ्गमा गतिविधिहरू सञ्चालन गरी नयाँ प्रस्थान (new departure) विन्दुको सुरूवात गर्नु आवश्यक छ ।

श्रोत र साधनको सीमितताका बाबजुत संस्थाको मूल आदर्श र कार्यक्षेत्रलाई आत्मसात गर्दै तपाईं हामी सबैले एम्नेस्टी नेपालअन्तर्गतका विभिन्न अभियानहरू सञ्चालन गर्ने तथा यस्ता अभियानहरूमा साथ, सहयोग र समर्थन गर्दै आइरहेकै छौं । स्थानीय समूह र युथनेटवर्कहरूको क्रियाशीलता तथा विभिन्न मानवअधिकार अभियानहरूमा सक्रियता देखाएर हामीले एम्नेस्टी नेपाललाई थप सशक्त र प्रभावकारी बनाउनमा महत्वपूर्ण भूमिका खेलेको तथ्यलाई हृदयङ्गम गर्दै आगामी दिनमा समेत यस्तै क्रियाशीलताको अपेक्षा गर्दछु ।

स्वयंसेवी रूपमा मानवअधिकार अभियान सञ्चालन गर्न चुनौतीहरू अवश्य छन् । तथापि तपाईं हामी सबैले मानवअधिकारको मूल्य, मान्यता र सोबमोजिमको संस्कृति निर्माण गर्ने कुराको महत्वलाई बुझ्न आवश्यक छ । हामीले हाम्रो समाजलाई न्याय र समतामा आधारित, विधिको शासन र पद्धतिमा चलेको, आपसी सद्भाव, भाइचारा, भातृत्व र शान्तिपूर्ण सहअस्तित्वमा आधारित समुन्नत र सुसंस्कृत बनाउनु छ जहाँ हाम्रा भावी सन्ततिहरूले असल शासन र मानवअधिकारमैत्री व्यवहारको अनुभव गर्न सक्ने छन् । तपाईं हाम्रो यस स्वेच्छिक र स्वयंसेवी मानवअधिकार अभियानमार्फत हामीले विधिको शासनमा अडिएको र मानवीय मूल्य, मान्यता र दर्शनमा आधारित मानवअधिकारमैत्री समाज र व्यवस्था बनाउनका लागि अरू धेरै जनमानसलाई पनि उत्प्रेरित गर्नुपर्ने आवश्यकता उत्तिकै रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को पहिलो त्रैमासिक शुरूवात अर्थात मिति २०७५ असोज ७ र ८ मा सम्पन्न २७ औं साधारण सभाबाट वर्तमान नेसनल बोर्ड निर्वाचित भएको यहाँहरूलाई विदितै छ । विधानबमोजिम दुई वर्षका लागि निर्वाचित भएको भएपनि सन् २०१९ डिसेम्बरबाट चीनको उहान प्रान्तबाट सुरू भई विश्वव्यापी रूपमा फैलिएको र नेपालमा पनि सन् २०२० मार्चदेखि देखा परेको कोरोना महामारी र यसको रोकथामका लागि सरकारले चालेको प्रतिकार्यका कारण सिर्जना भएको अस्तव्यस्तता र उथलपुथलले सबै कुरामा प्रभाव पारेको अवस्थाबाट हामी पनि अछुतो रहन सकेनौं । यसैबीच एम्नेस्टी नेपालको गभर्नेन्ससम्बन्धी संस्थागत सुधारका विषयवस्तुहरूमा अन्तर्राष्ट्रिय बोर्ड र सचिवालयसँगको समझदारीअनुसार अघि बढ्नुपर्ने अवस्थाका कारण पनि यस बोर्डले निर्धारित दुई वर्षे कार्यकाल भन्दा करिब एक वर्ष छ महिना अतिरिक्त समय कार्यरत रहनुपरेको अवस्था हो ।

**अध्यक्षज्यू एवं यस सभाका सम्मानित सभासदज्यूहरू,**

मिति २०७६ कात्तिक २२ र २३ मा सम्पन्न एम्नेस्टी नेपालको २८ औँ साधारण सभापछि नेसनल बोर्डद्वारा गरिएका नीतिगत कार्यहरूलाई यस प्रतिवेदनमा समावेश गरिएको छ । नेसनल बोर्डद्वारा भएका मुख्य गतिविधिहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ ।

## १. वार्षिक साधारण सभा

एम्नेस्टी नेपालको २८ औं वार्षिक साधारण सभा २०७६ कात्तिक २२ र २३ मा सुनसरी, धरानमा सम्पन्न भएको थियो । उक्त साधारण सभालाई उद्घाटन सत्र, बन्द सत्र, समापन सत्र गरी तीन चरणमा विभाजन गरिएको थियो । साधारण सभाको बन्द सत्रले निर्देशकद्वारा प्रस्तुत एम्नेस्टी नेपालको आ.व. २०७५/७६ को योजना कार्यान्वयन प्रतिवेदन, नेसनल बोर्डको २०७५/७६ को वार्षिक प्रतिवेदन, पुनरावेदन समितिको प्रतिवेदन र आ.व. २०७५/७६ को लेखापरीक्षण तथा आर्थिक प्रतिवेदन पारित गरेको थियो ।

उक्त साधारण सभाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) मा छैठौं संशोधन पारित गरेको थियो । साथै आर्थिक वर्ष ०७६/०७७ को लेखापरीक्षणका लागि लेखापरीक्षकको नियुक्ती गर्ने कार्य पनि सम्पन्न गरेको थियो ।

## १.१ विशेष साधारण सभा (उनन्तिसौँ सभा)

एम्नेस्टी इन्टरनेसनल नेपालले मिति २०७८ भाद्र १८, १९ र २० गते (तदनुसार सन् २०२१ सेप्टेम्बर ३, ४ र ५) विशेष साधारण सभा (उनन्तिसौँ सभा) राष्ट्रिय सचिवालयमा प्रविधिको प्रयोगमार्फत देशभरका ७२ समूहका प्रतिनिधि र पर्यवेक्षक, २७ युथ नेटवर्कका पर्यवेक्षक, पाँच निर्माणाधीन समूहका पर्यवेक्षक, नेसनल बोर्ड र अपिल कमिटिका पदाधिकारी र सदस्यहरू, एम्नेस्टी नेपाल शाखाका पूर्व अध्यक्षहरू, एम्नेस्टी इन्टरनेसनल अन्तर्राष्ट्रिय बोर्ड र अभियानका अतिथिहरू, पर्यवेक्षक र राष्ट्रिय सचिवालयका कर्मचारीहरूको उपस्थितिमा सम्पन्न गर्यो । यस साधारण सभाले संस्थाको आ.व. ०७६/०७७ को आर्थिक/लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्ने, आ.व. ०७७/०७८ को लेखा परीक्षणका लागि लेखापरीक्षक नियुक्त गर्ने र नेसनल बोर्डद्वारा प्रस्तुत एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान, २०५८ को सातौं संशोधन (२०७८), एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारण सभा सञ्चालनसम्बन्धी नियमावली, २०६२ को पाँचौं संशोधन (२०७८), एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको समूह र युथनेटवर्क सञ्चालनसम्बन्धी नियमावली, २०६२ को चौथो संशोधन (२०७८), एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको नेसनल बोर्डसम्बन्धी नियमावली, २०६२ को चौथो संशोधन (२०७८) र एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको पुनरावेदन समितिको नियमावली, २०६३ को चौथो संशोधन (२०७८) को संशोधन प्रस्तावहरूमा व्यापक छलफल गरी संशोधन गर्ने निर्णयहरू गरेको थियो ।

यस विशेष साधारण सभामा सहभागी हुनका लागि तोकिएको आधार र प्रकृया पूरा गरेका ७२ वटा एम्नेस्टी नेपाल समूहबाट ६० जना प्रतिनिधिको उपस्थिति रहेको थियो । समूह, निर्माणाधीन समूह र युथ नेटवर्कका १३५ पर्यवेक्षकको पनि उक्त सभामा उपस्थिति रहेको थियो ।

## २. नेसनल बोर्डको बैठकः

२०७६ कात्तिक २२ र २३ मा सुनसरी, धरानमा सम्पन्न २८ औँ साधारण सभादेखि यस तीसौँ साधारण सभाको मिति र स्थान तय गर्ने अवधिसम्ममा एम्नेस्टी नेपालको नेसनल बोर्डको जम्मा १९ वटा बैठक सम्पन्न भएका छन् । ती बैठकहरू निम्न मितिमा बसेका थिए:

१. २०७६ पौष २७ र २८ (१२ र १३ जनवरी २०२०) - राष्ट्रिय सचिवालय - नियमित बैठक
२. २०७६ माघ १५ (२९ जनवरी २०२०) - राष्ट्रिय सचिवालय - आकष्मिक बैठक
३. २०७७ भाद्र १ (१७ अगस्ट २०२०) - भर्चुअल बैठक - नियमित बैठक
४. २०७७ असोज ६ र ७ (२३ र २४ सेप्टेम्बर २०२०) - राष्ट्रिय सचिवालय - नियमित बैठक
५. २०७७ कार्तिक २५ र २६ (१० र ११ नोभेम्बर २०२०) - राष्ट्रिय सचिवालय - नियमित बैठक
६. २०७७ मंसिर ११ (२६ नोभेम्बर २०२०) - भर्चुअल बैठक - आकष्मिक बैठक
७. २०७७ माघ ०८ र ०९ (२१ र २२ जनवरी २०२१) - राष्ट्रिय सचिवालय - नियमित बैठक
८. २०७७ चैत्र ०२ र ०३ (१५ र १६ मार्च २०२१) - राष्ट्रिय सचिवालय - नियमित बैठक

९. २०७८ वैशाख ०४ (१७ अप्रिल २०२१) - भर्चुअल - नियमित
१०. २०७८ वैशाख १५ (२८ अप्रिल २०२१) - भर्चुअल - नियमित
११. २०७८ असार १४ (२८ जुल २०२१) - भर्चुअल - नियमित
१२. २०७८ श्रावण ०२ (१७ जुलाई २०२१) - भर्चुअल - नियमित
१३. २०७८ श्रावण १० र ११ (२५ र २६ जुलाई २०२१) - राष्ट्रिय सचिवालय - नियमित
१४. २०७८ श्रावण २६ र २७ (१० र ११ अगस्ट २०२१) - राष्ट्रिय सचिवालय - नियमित
१५. २०७८ भाद्र ०६ (२२ अगस्ट २०२१) - भर्चुअल - नियमित
१६. २०७८ भाद्र ११ र १२ (२७ र २८ अगस्ट २०२१) - राष्ट्रिय सचिवालय - नियमित
१७. २०७८ असोज १८ र १९ (०४ र ५ अक्टोबर २०२१)- राष्ट्रिय सचिवालय - नियमित
१८. २०७८ पौष २८ र २९ (१२ र १३ जनवरी २०२२) - राष्ट्रिय सचिवालय - नियमित
१९. २०७८ माघ २९ र फाल्गुन १ (१२ र १३ फेब्रुअरी २०२२) - राष्ट्रिय सचिवालय - नियमित

यस अवधिमा एम्नेस्टी इन्टरनेसनल नेपालका केही चुनौती र संस्थागत सुधारका पहलहरूलाई गति र दिशा दिनका लागि अन्तर्राष्ट्रिय सचिवलाय र बोर्डसँग पनि पटक पटक बैठकहरू भएका छन् र उल्लिखित नेसनल बोर्ड बैठकहरूमा संस्थातको जिवन्तता, भावी गतिशीलता र ठोस दिशा प्रदान गर्नका लागि विभिन्न निर्णयहरू लिइएका छन् ।

## ३. पदाधिकारीहरू निरूपित

एम्नेस्टी नेपालमा आबद्ध समूह तथा युथ नेटवर्कहरूलाई थप सक्रिय र विधिसम्मत तरिकाले सञ्चालन गर्न सहयोग पुऱ्याउने उद्देश्यले नेसनल बोर्डले समूह र युथ नेटवर्कका गतिविधि र अवस्था अनुगमन गरी आवश्यक सल्लाह र सुझाव सम्बन्धित समूह र नेसनल बोर्डलाई दिनका लागि पदाधिकारीहरू निरूपित गरी सम्बन्धित स्थलहरूमा खटाउने कार्य गरेको छ । समूह र युथ नेटवर्कहरूले निरूपित पदाधिकारीमार्फत सरसल्लाह र सहयोग प्राप्त गर्दै आएका छन् । निरूपित पदाधिकारीहरूले सम्भव भएसम्म समूह र युथ नेटवर्कका साधारण सभामा उपस्थित भई आफ्ना राय र सुझावहरू पनि राखेका छन् । समूह र युथ नेटवर्कको साधारण सभामा एम्नेस्टी नेपालको विधान, नियमावली, समूह सञ्चालनसम्बन्धी कार्यविधि एवं नियमावलीबमोजिम भए नभएको मूल्याङ्कन गरी सोको बारेमा आवश्यक सुझाव र निर्देशन दिने जिम्मेवारी निरूपित सदस्यलाई तोकिएको थियो ।

आ.व. २०७६/७७ अवधिका लागि नेसनल बोर्डबाट समूह एवं युथ नेटवर्कको गतिविधिमा सघाउ पुऱ्याउन एवं तिनको काम कारबाहीको मूल्याङ्कन र अनुगमनका लागि निम्न बमोजिमका पदाधिकारीहरूलाई निरूपित गरी जिम्मेवारी प्रदान गरिएको थियो ।

| सि.नं. | समूहहरू | निरूपित पदाधिकारी |
|---|---|---|
| १ | समूह ४४, समूह ८९, रघुनाथ आदर्श र नारायणपुर सत्ती निर्माणाधीन, कैलाली<br>समूह ६६, दाङ<br>समूह २६ र समूह ६२, बाँके<br>समूह ५२ बर्दिया<br>सरस्वती युथ नेटवर्क, ऐश्वर्य युथ नेटवर्क, कैलाली युथ नेटवर्क,<br>लमही युथ नेटवर्क, भिक्टोरिया युथ नेटवर्क, अम्बिकेश्वरी युथ नेटवर्क, अग्रासन युथ नेटवर्क, गोरखा इन्टरनेसनल युथ नेटवर्क | पार्वता आचार्य |
| २ | पाखिबास युथ नेटवर्क, धनकुटा; समूह ६, सुनसरी; केन्द्रीय खाद्य प्रविधि क्याम्पस हात्तीसार, धरान, सुनसरी; समूह ११ र ४१, मोरङ्ग; समूह २८ अछाम; समूह ६८, बाँके; समूह २९, ४९ र शुक्लाफाँटा निर्माणाधीन समूह, कञ्चनपुर; शुक्लाफाँटा युथ नेटवर्क, कञ्चनपुर; अत्तरिया निर्माणाधीन, कैलाली; टीकापुर युथ नेटवर्क र लम्की युथ नेटवर्क, कैलाली; बैतडी निर्माणाधीन समूह, बैतडी; निगलासैनी युथ नेटवर्क, बैतडी | कर्णबहादुर कुँवर |
| ३ | समूह ३२, काठमाडौं; जोसेफ युथनेट वक, ह्युम्यानिटी हाउस युथनेटवर्क, काठमाडौं युथनेट वर्क, आर्युवेद युथ नेटवर्क, डाइनामिक युथ नेटवर्क, हिकाष्ट युथ नेटवर्क, काठमाडौ; समूह १४ र २३, मोरङ; पक्लिहवा युथ नेटवर्क, | बिपीन बुढाथोकी |

| सि.नं. | समूहहरू | निरूपित पदाधिकारी |
|---|---|---|
| | युसिएमएस युथनेटवर्क, रूपन्देही; समूह २५, ३३ र ६४, चितवन | |
| ४ | समूह ४३, ७२ र पनौती निर्माणाधीन समूह, काभ्रे<br>बनेपा युथ नेटवर्क/इन्द्रेश्वर युथ नेटवर्क/काठमाडौं युनिभर्सिटी युथ नेटवर्क काभ्रे; समूह २०, काठमाडौं; समूह ६१, ललितपुर; एनओसी युथ नेटवर्क, ललितपुर; समूह ७३, मोरङ; समूह ३०, सप्तरी | सुरेशप्रसाद अर्याल |
| ५ | समूह ५४, ८२, बाराही युथ नेटवर्क, पुरनचौर युथनेटवर्क, कास्की; समूह २७, कृषि क्याम्पस युथ नेटवर्क, लमजुङ; समूह ४२ र ७६, गोरखा<br>रत्ननगर क्रियटिभ, रामपुर युथ नेटवर्क, खैराहनी युथ नेटवर्क, चितवन<br>समूह ४७, म्याग्दी; समूह ४८, बाग्लुङ; स्याङ्जा निर्माणाधीन समूह, स्याङ्जा; सिराहा निर्माणाधीन समूह, सिराहा | महेशकुमार पौडेल |
| ६ | समूह २२, ३७, ५८, ७०, ७५, ८३, ८६ र ८७, झापा<br>दमक/इम्मोर्टल/धुलावारी/विर्तामोड/चन्द्रगढी/देवी युथ नेटवर्क, झापा<br>समूह १०, सुनसरी; समूह १३ र ४५, पाँचथर; समूह ४, तेह्रथुम | सङ्गीता चापागाईं |
| ७ | समूह २१, ८०, काठमाडौं<br>नेशनल ल कलेज युथ नेटवर्क, ललितपुर<br>समूह १७, ५०, ५६, पिस भिजन युथ नेटवर्क, फ्युजन युथ नेटवर्क, क्वालिटी, भक्तपुर; समूह १९, रामेछाप; समूह ३८, दोलखा; सिन्धुपाल्चोक निर्माणाधीन समूह, सिन्धुपाल्चोक; समूह ६३, सुनसरी | निखिल पोखरेल |
| ८ | समूह ३, ८, १८, ३२, ३४, ५३,एनसीसी युथ नेटवर्क, इलाइजन युथ नेटवर्क, टीयु युथनेटवर्क, टीसी युथ नेटवर्क, नेपाल युथ नेटवर्क, काठमाडौं; समूह ३९, नुवाकोट; इञ्जिनियरिङ्ग युथ नेटवर्क, ललितपुर | शचिता कुईंकेल |
| ९ | समूह २ र ६९, बीरेन्द्रनगर युथ नेटवर्क, काँक्रेविहार युथ नेटवर्क, सुर्खेत<br>समूह ५१, कपिलवस्तु;<br>थापाथली युथनेटवर्क, ऋत युथनेटवक, युनाइटेड युथनेटवर्क, काठमाडौं;<br>समूह १२ र महिला निर्माणाधीन समूह, रूपन्देही;<br>समूह ३१ र ४०, नवलपरासी; समूह ३६, प्युठान; जाजरकोट निर्माणाधीन समूह, जाजरकोट; जुम्ला निर्माणाधीन समूह जुम्ला | गोविन्द वाग्ले |
| १०. | समूह १५, ४६ र ५७, जनकपुर युथ नेटवर्क, धनुषा<br>समूह ५, समूह ७, महोत्तरी युथ नेटवर्क, महोत्तरी<br>समूह ६७, फरेष्ट्री युथ नेटवर्क, मकवानपुर<br>समूह ९, समूह ७८, सर्लाही<br>समूह १६, पर्सा<br>समूह २४, बारा | समीक्षा कोइराला |

त्यसैगरी आ.व. २०७७/७८ का लागि नेसनल बोर्डबाट समूह एवं युथ नेटवर्कको गतिविधिमा सघाउ पुऱ्याउन एवं तिनको काम कारबाहीको मूल्याङ्कन र अनुगमनका लागि निम्न बमोजिमका पदाधिकारीहरूलाई निरूपित गरी जिम्मेवारी प्रदान गरिएको थियो ।

| सि.नं. | समूह | निरुपित पदाधिकारी |
|---|---|---|
| १ | **स्याङ्जा :** स्याङ्जा निर्माणधिन समूह<br>**कास्की :** समूह ५४, समूह ८२, बाराही युथनेटवर्क, पुरनचौर युथनेटवर्क | पार्वता आचार्य |

| सि.नं. | समूह | निरुपित पदाधिकारी |
|---|---|---|
| | **बागलुङ :** समूह ४८<br>**म्याग्दी :** समूह ४७<br>**लमजुङ् :** समूह २७, कृषि क्याम्पस युथनेटवर्क<br>**गोर्खा :** समूह ४२, समूह ७६<br>**चितवनः** समूह २५, समूह ३३, समूह ६४, रामपुर युथनेटवर्क, खैराहनी युथनेटवर्क, रत्ननगर क्रियटिभ युथनेटवर्क<br>**नवलपरासीः** समूह ३१, समूह ४० | |
| २ | **रुपन्देहीः** समूह १२, महिला निर्माणाधीन समूह, पक्लिहवा युथनेटवर्क, युसिएमएस युथनेटवर्क,<br>**कपिलबस्तु** : समूह ५१<br>**दाङ :** समूह ६६, लमही युथ नेटवर्क, अम्बिकेस्वरी युथ नेटवर्क, गोर्खा इन्टरनेसनल युथ नेटवर्क, भिक्टोरिया युथ नेटवर्क, अग्रासन युथनेटवर्क<br>**प्युठानः** समूह ३६<br>**सुर्खेत :** समूह २, समूह ६९, काँकेबिहार युथ नेटवर्क, बिरेन्द्रनगर युथनेटवर्क<br>**जाजरकोटः** समूह ७७<br>**जुम्ला :** जुम्ला निर्माणधिन समूह | बिपिन बुढाथोकी |
| ३ | **ललितपुर :** समूह ६१, नेसनल ल कलेज युथनेटवर्क, इन्जिनियरिङ युथनेटवर्क, एनओसी युथनेटवर्क<br>**भक्तपुर :** समूह १७, समूह ५०, समूह ५६, क्वालिटि युथनेटवर्क, पिसभिजन युथनेटवर्क, फ्युजन युथनेटवर्क<br>**काभ्रे :** समूह ४३ बनेपा, समूह ५५ पनौती, समूह ७२ पनौती, काठमाण्डु युनिभर्सिटि युथनेटवर्क, इन्द्रेश्वर युथनेटवर्क, बनेपा युथनेटवर्क<br>**नुवाकोट :** समूह ३९<br>**दोलखा :** समूह ३८<br>**सिन्धुपाल्चोक :** समूह ७९<br>**रामेछाप :** समूह १९ | सुरेश प्रसाद उपाध्याय |
| ४ | **कञ्चनपुर :** समूह २९, समूह ४९, समूह ७४, शुक्लाफाँटा युथनेटवर्क<br>**अछाम :** समूह २८<br>**बैतडीः** बैतडी निर्माणाधिन समूह, निङ्गलासैनी युथनेवर्क<br>**कैलाली :** समूह ४४, समूह ८९, समूह ५९, समूह ६५, समूह ७१, लम्की युथ नेटवर्क, टिकापुर युथनेटवर्क, कैलाली युथनेटवर्क, ऐश्वर्य युथनेटवर्क, सरस्वती युथ नेटवर्क<br>**बर्दिया :** समूह ५२<br>**बाँके :** समूह ६२, समूह ६८, समूह २६ | महेश कुमार पौडेल |
| ५ | **झापाः** समूह २२, समूह ३७, समूह ५८, समूह ६०, समूह ७०, समूह ७५, समूह ८३, समूह ८६, समूह ८७, इमोर्टल युथनेटवर्क, धुलावारी युथनेटवर्क, दमक युथनेटवर्क, बिर्तामोड युथनेटवर्क, चन्द्रगढी युथनेटवर्क, देवी युथनेटवर्क<br>**सुनसरी :** समूह ६, समूह १०, समूह ६३, केन्द्रीय क्याम्पस धरान युथ नेटवर्क<br>**पाँचथर :** समूह १३, समूह ४५<br>**तेह्रथुम :** समूह ४ | संगीता चापागाईं |
| ६ | **काठमाडौं :** समूह ३, समूह ८, समूह १८, समूह २०, समूह २१, समूह ३२, समूह ३४, समूह ३५, समूह ५३, समूह ८०, काठमाडौं युथनेटवर्क, थापाथली युथनेटवर्क, हिकाष्ट युथनेटवर्क, हिमशिला युथनेटवर्क, जोसेफ युथनेटवर्क, युनाइटेड युथ नेटवर्क, एनसिसि युथनेटवर्क, त्रिचन्द्र युथनेटवर्क, टियु युथनेटवर्क, आयुर्वेद युथनेटवर्क, केएमसि न्यासनल युथनेटवर्क, डाइनामिक युथनेटवर्क, ह्युमानिटि हाउस युथनेटवर्क, इलाइजन युथनेटवर्क, नेपाल युथनेटवर्क | शचिता कुईंकेल |

| सि.नं. | समूह | निरुपित पदाधिकारी |
|---|---|---|
| ७ | **सप्तरीः** समूह ३०<br>**सिराह** : समूह ८१<br>**धनुषा** : समूह १५, समूह ४६, समूह ५७, जनकपुर युथनेटवर्क<br>**महोत्तरीः** समूह ५, समूह ७, महोत्तरी युथनेटवर्क<br>**सर्लाही** : समूह ९, समूह ७८<br>**बारा** : समूह २४<br>**पर्सा :** समूह १६<br>**मकवानपुर** : समूह ६७, फोरेस्ट्री युथनेटवर्क<br>**धनकुटा :** समूह १, पाखिबास युथनेटवर्क<br>**मोरङ :** समूह ११, समूह १४, समूह २३, समूह ४१, समूह ७३ | निखिल पोखेल |

कोरोना महामारीको प्रकोपका कारण पदाधिकारीहरूले सोचेअनुरूप विकास भ्रमण गर्न सक्नु भएन र परिणामस्वरूप भर्चुअल माध्यमबाट उहाँहरूले सम्भव भएसम्म सबै समूह र युथ नेटवर्कहरूलाई सम्पर्क गरी आफ्नो अनुगमन प्रतिवेदन नेसनल बोर्ड बैठकमा प्रस्तुत गर्नुभएको थियो र सो सम्बन्धमा समीक्षात्मक छलफलहरू भएको थिए ।

समूह तथा नेटवर्कहरूबाट यस वर्ष थुप्रै राम्रा तथा प्रभावकारी कार्यक्रमहरू भएका छन् । जसमा, समूहहरूको सदस्यता संख्या वृद्धि, सचिवालयबाट जारी एक्सन सर्कुलरअनुसारका विविध गतिविधिहरू लगायतका पक्षहरू रहेका छन् । त्यस्तै विभिन्न युथनेटवर्क र समूहहरूलाई मागमा आधारित अभिमुखीकरण पनि गरिएको छ । आगामी दिनमा अभिमुखीकरणलाई अझ प्रभावकारी ढङ्गले अघि बढाइनेछ ।

आजका मितिमा एम्नेस्टी नेपालमा आबद्ध समूहहरूको सङ्ख्या ८६ रहेको छ भने निर्माणाधिन समूहहरूको सङ्ख्या ४ रहेको छ । यस अवधिमा युथ नेटवर्कहरूको सङ्ख्या ५७ रहेको छ । समूह, निर्माणाधिन समूह र युथ नेटवर्क गरी ४३ जिल्लामा एम्नेस्टी नेपालको स्थानीय संरचनाहरू कार्यरत रहेका छन् ।

विभिन्न समूह र युथ नेटवर्कले आयोजना गरेका कार्यक्रमहरूको सचिवालयमा समय मै रिपोर्टिङ्ग गर्ने परिपाटीलाई अझै संस्थागत गर्न नसकिएकाले पनि मानवअधिकार अभियान गतिविधिहरू अनुसूचीमा समावेश गर्न सकिएको छैन र आगामी दिनमा कार्यक्रम समापनसँगै समय मै रिपोर्टिङ्गको अपेक्षा समूह र युथ नेटवर्कबाट लिइएको छ । नेसनल बोर्डमा गरिएको रिपोर्टका आधारमा केही समूहहरू जस्तै समूह ३७, भद्रपुर, समूह ३८, दोलखा, समूह ४७ म्याग्दी र समूह ८६ झापा निष्कृय रहेको पाइएको छ । त्यस्तै केही युथ नेटवर्कहरू पनि निष्कृय रहेको पाइएको छ ।

## ४. सुशासन समीक्षा र अन्तर्राष्ट्रिय सचिवालयसँगको समझदारी पत्रमा हस्ताक्षर

एम्नेस्टी नेपालको वर्तमान संरचना र सुशासन प्रणालीमा केही सुधार गर्नु आवश्यक देखिएको विषमा एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालय लगायतका लिडरसिप तहबाट पटक पटक चासो र सुझावहरू व्यक्त हुँदै आएको थियो । २०७६ भाद्रमा नगरकोटमा सम्पन्न मिडिया वर्कशपका क्रममा नेपाल भ्रमण गरेका एम्नेस्टीका दक्षिण एसिया क्षेत्रीय कार्यालयका तत्कालीन निर्देशक बिराज पटनायकले एम्नेस्टी नेपालको सुशासनमा सुधार ( गभर्नेन्स रिफर्म) को आवश्यकताको बारेमा नेसनल बोर्डसँग प्रारम्भिक छलफल सुरू गरेका थिए । २०७६ कार्तिक २२-२३ मा धरानमा सम्पन्न २८ औँ साधारण सभाको दौरान केही महत्वपूर्ण सुधारको प्रयत्न गरिएको भएतापनि त्यस समय नेसनल बोर्डभित्रै मतैक्यता नभएका कारण सो प्रयत्न सफल हुन सकेन ।

२०७६ पौष २७ र २८ मा राष्ट्रिय सचिवालयमा भएको नेसनल बोर्ड बैठकमा तत्कालीन दक्षिण एसिया क्षेत्रीय कार्यालयका निर्देशक बिराज पटनायक र गभर्नेन्स विज्ञ रमेश सिंले सहभागिता जनाउनुभएको थियो र उक्त बैठकमा एम्नेस्टी नेपालले एम्नेस्टीको कोर स्ट्याण्डर्ड पालना कुन हदसम्म गरेको छ भन्ने विषयमा समूह छलफलका माध्यमबाट स्वमूल्याङ्कन गर्नुका साथै संस्थाको समग्र सुधारका विषयमा सुरूवाती छलफलहरू भएका थिए । पुनः २०७७ माघ २२ मा दक्षिण क्षेत्रीय कार्यालयका निर्देशक बिराज पटनायकले एम्नेस्टी नेपालका अध्यक्ष,

उपाध्यक्ष, उपमहासचिव र निर्देशकसँगको बैठकमा एम्नेस्टी नेपालको गभर्नेन्स रिफर्मका एजेण्डाहरूमाथि छलफल गरेका थिए ।

त्यस पश्चात मिति २०७७ जेठ २ गते क्षेत्रीय निर्देशक पटनायकले नेसनल बोर्डका अध्यक्षलाई पत्र लेखी गभर्नेन्स रिफर्म गरेर नेपालमा मात्र नभई एम्नेस्टी मुभमेन्टको पुरै ग्लोबल साउथमा एउटा नुमना पेश गर्न अगाडि बढ्नुपर्ने भन्दै सफलताका शुभकामना सन्देश सहित आफूले एम्नेस्टीबाट बिदा लिएको जानकारी गराउँदै इन्टरनेसनल बोर्डका पिटर फापु र एसिया प्यासिफिक निर्देश निकलास बेकलिनले यस विषयमा थप फलोअपहरू गर्ने भन्दै इमेल पत्राचार गर्नुभएको थियो ।

त्यसपछि **२०७७ भाद्र २** मा अन्तर्राष्ट्रिय बोर्ड सदस्य पिटर फापूले एम्नेस्टी नेपालको गभर्नेन्स रिफर्मको अद्यावधिक अवस्थाका बारेमा नेसनल बोर्डसँग फलोअप इमेल पत्राचार गर्नुभएको थियो ।

पछि नेसनल बोर्डसँग विभिन्न छलफल र परामर्शपछि नेसनल बोर्डकै सहमतिमा २०७७ असोजमा एम्नेस्टी इन्टरनेसनलका तत्कालीन महासचिव जुली भर्रारले एम्नेस्टी नेपालको गभर्नेन्स रिभिउ (सुशासन समीक्षा)को लागि बाह्य समीक्षकका रूपमा ड्यानम देवदासलाई नियुक्ति गर्नुभएको थियो । त्यसैगरी आन्तरिक समीक्षकका रूपमा एम्नेस्टी इन्टरनेसनल ग्लोबल असेम्ब्लीका उपाध्यक्ष तथा एम्नेस्टी युके शाखाका पूर्व अध्यक्ष रूथ ब्रेडेललाई नियुक्ति गरिएको थियो । ड्यानम र रूथले एम्नेस्टी नेपालका सबै साझेदारहरूसँग व्यापक छलफल र परामर्श पश्चात् एम्नेस्टी नेपालको भावी सुधारको मार्गचित्रसहितका सिफारिसहरू राखेर एउटा २९ पृष्ठ लामो प्रतिवेदन तयार गरी सन् २०२० को डिसेम्बरको अन्ततिर नेसनल बोर्ड, राष्ट्रिय सचिवालय र अन्तर्राष्ट्रिय सचिवालयमा बुझाउनुभएको थियो ।

उक्त प्रतिवेदनमा औंल्याइएका तथ्य र सिफारिसहरूलाई आधारमा लिँदै मिति २०७७ माघ ३ गते एम्नेस्टी इन्टरनेसनलका महासचिव जुली भर्रारले एम्नेस्टी नेपालको गभर्नेन्स रिफर्मको मार्गचित्र प्रस्तुत गर्नुहुँदै तत्कालका लागि तय गरिएको साधारण सभालाई स्थगित गरी नेसनल बोर्डले अन्तर्राष्ट्रिय सचिवालयसँग विधान संशोधनसहितको गभर्नेन्स रिफर्म प्रकृयाका लागि एउटा समझदारी पत्रमा हस्ताक्षर गरेर अगाडि बढ्नु पर्ने कुरा औंल्याउँदै पत्राचार गर्नुभएको थियो । साथै समझदारी पत्रको मस्यौता तयार पार्नका लागि एकजना "स्वतन्त्र" रणनीतिक सल्लाहाकारको नियुक्ति गरिने जसले एम्नेस्टी नेपाल र अन्तर्राष्ट्रिय सचिवालयका बीचमा सेतुको काम गर्नुहुने उल्लेख गर्नुभएको थियो । त्यसपछि २०७७ माघ ८ गते एम्नेस्टी नेपालको नेसनल बोर्ड र एम्नेस्टी इन्टरनेसनलका महासचिवका प्रतिनिधिबीच भएको बैठकमा सम्झदारी पत्रमा आपसी हस्ताक्षर गर्ने सहमति भएको थियो र मिति २०७७ माघ ०९ गते सोही सहमतिअनुरूप ड्यानम देवदासलाई रणनीतिक सल्लाहाकारको रूपमा नियुक्ति गरिएको व्यहोरा अन्तर्राष्ट्रिय सचिवालयले एम्नेस्टी नेपाललाई जानकारी दिएको थियो ।

समझदारी पत्रका प्रावधानहरू के राख्ने भन्ने विषयमा अन्तर्राष्ट्रिय सचिवालयसँग छलफल र वार्ताका लागि नेसनल बोर्डले एम्नेस्टी नेपालको तर्फबाट अध्यक्ष, उपाध्यक्ष, कार्यवाहक महासचिव र कोषाध्यक्षलाई जिम्मेवारी तोकेको थियो । पूर्व अध्यक्षद्वय चरण प्रसाईं र राजन कुईंकेललाई चरण चरणमा भएका उक्त वार्ताहरूको पर्यवेक्षकका रूपमा सहभागी गराइएको थियो । अन्तर्राष्ट्रिय सचिवालयका तर्फबाट जेरी बर्नास र मुभमेन्ट बिल्डिङ्गका डाइरेक्टर बियाट्रिस भउग्रन्ट सहभागी रहनुभएको थियो ।

अन्ततः निकै लामो रस्साकस्सीपछि मस्यौदा समझदारी पत्रका आपसी सहमतिका बुँदाहरू तयार भए र मिति २०७८ जेठ २४ गते एम्नेस्टी नेपालको नेसनल बोर्ड र एम्नेस्टी इन्टरनेसनलका महासचिवबीच समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भयो ।

यसैबीचमा कोरोना महामारीको दोश्रो लहरले यस विकास क्रममा केही समय शिथिलता ल्यायो । समझदारी पत्र कार्यान्वयनका विभिन्न चरणहरू रहेको थिए । तिनलाई अगाडि बढाउनका लागि अन्तराष्ट्रिय सचिवालयले एउटा परियोजनाको अवधारणामा अगाडि बढ्नुपर्ने प्रस्ताव गर्यो र सो परियोजनाको व्यवस्थापकका रूपमा पुनः ड्यानम देवदासलाई नियुक्त गर्ने निर्णय गर्यो ।

त्यसपछि २०७८ असार र श्रावण दुई महिना समझदारी पत्रका प्रावधानका बारेमा समग्र मेम्बरसिपलाई पत्राचार गर्ने, जानकारी र छलफल सत्रहरू चलाउने, सझदारी पत्रले मार्गनिर्देश गरेबमोजिम विधान र नियमावलीहरूको संशोधन मस्यौदा तयार गर्नेलगायतका गतिविधिहरू भएका थिए । यस क्रममा दर्जनौं छलफल, ड्रप इन सेसन र अन्तर्क्रियाहरू गरिएका थिए । त्यस सत्रहरूमा अन्लाइनमार्फत गरिने विशेष साधारण सभामा भाग लिनका लागि प्रतिनिधि र पर्यवेक्षकका लागि विभिन्न प्राविधिक जानकारी सत्रहरूमा पनि सहभागी गराइएको थियो ।

२०७८ भाद्र १८, १९ र २० मा सम्पन्न एम्नेस्टी इन्टरनेसनल नेपालको विशेष साधारणबाट समझदारी पत्रमा उल्लिखित पहिलो चरणको विषय खासगरी एम्नेस्टी इन्टरनेसनल नेपालको विधान र नियमावलीहरूको संशोधन मस्यौदामा ब्यापक छलफल र बहसपछि प्रस्तावित उक्त विधान र नियमावलीहरूको संशोधन गर्ने निर्णय गरेको थियो ।

समझदारी पत्रमा उल्लेख गरिएअनुसारको पहिलो चरणको सुधारका गतिविधिहरू सम्पन्न भएका छन् । यस नेसनल बोर्डले सुधारसम्बन्धी आफ्नो जिम्मेवारी पुरा गरेको छ । बाँकी जिम्मेवारीहरू अब निर्वाचित हुने नयाँ नेसनल बोर्डले अन्तर्राष्ट्रिय सचिवालयसँगको सहकार्यमा समापन गर्नेछ भन्ने कुरामा वर्तमान नेसनल बोर्ड विश्वस्त छ ।

## ५. भौतिक सम्परीक्षण प्रतिवेदनः

एम्नेस्टी नेपालमा रहेका भौतिक सम्पत्तिहरूको सम्परीक्षण गर्ने काम सचिवालयबाट सम्पन्न भयो । निर्देशकद्वारा प्रस्तुत भौतिक सम्परीक्षण प्रतिवेदन २०७७/७८ बोर्डले ग्रहण गरी एम्नेस्टी नेपालमा भएका सम्पूर्ण भौतिक सम्पत्ति/वस्तु तथा जिन्सी रेकर्ड रूजु निरीक्षण समेत गरी सो भौतिक सम्पत्तिको प्रतिवेदन स्वीकृत गरिएको छ ।

## ६. लेखापरीक्षणः

२९ औं विशेष साधारण सभामा नेसनल बोर्डद्वारा प्रस्तुत लेखापरीक्षक नियुक्तिको प्रस्तावमा आवेदक विभिन्न लेखापरीक्षकहरूमध्ये कुनै एकबाट लेखापरीक्षण गराउन नेसनल बोर्डलाई अधिकार प्रत्यायोजन भएबमोजिम प्रस्तावितमध्येकै एक लेखापरीक्षक एस. देवकोटा एण्ड कम्पनीद्वारा आ.व. २०७७/७८ को लेखापरीक्षण गराउने काम सम्पन्न भयो । लेखापरीक्षण प्रतिवेदन सबै समूहहरूमा प्रेषित गरिसकिएको हुँदा त्यसबाट संस्थाको आयव्ययको अवस्था बारेमा यस सभाका सभासदज्यूहरूले जानकारी हाँसिल गर्नु भएकै छ ।

**सम्मानित यस सभाका अध्यक्षज्यू एवं सभासदज्यूहरू,**

मानवअधिकार अभियानमा दृढ भई विश्वव्यापी रूपमा कार्यरत एम्नेस्टी इन्टरनेसनल परिवारका हामी सबै अभियन्ताहरू अगाडि आइपर्ने चुनौतीहरूको सामना गर्दै फरक ढङ्गमा निरन्तर अघि बढि नै रहनेछौं भन्ने दृढ विश्वास लिएको छु । एम्नेस्टी नेपालको नेसनल बोर्ड यस यात्रामा सदैव आबद्ध सदस्य र शुभचिन्तकहरूलाई साथ र सहयोग प्रदान गर्न सदा तत्पर रहेको कुरा यहाँ दोहोऱ्याउन चाहन्छु ।

धन्यवाद ।

बिपिन बुढाथोकी
कार्यवाहक महासचिव, एम्नेस्टी इन्टरनेसनल नेपाल
२०७८ चैत्र ०३

# OPERATIONAL PLAN 2022

(January to December 2022)

## INTRODUCTION

This Operational Plan (OP) has been developed in accordance with Amnesty International's new Strategic Goal 2022-2030. It provides a planing of activities for the year 2022.

National Board members as well as members from Amnesty Nepal were requested to provide suggestions in order to develop this planning docuemnt. Besides, consultation was also done with various programs and departments at the Amnesty International Secretariat in London and Colombo. The 2022 OP was endorsed by the National Board meeting on 12 January 2022 for its presentation at the 30th General Meeting to be held on 1 - 2 April 2022 in Dhulikhel, Kavre.

A separate document with "Program Portfolio" which will also form part of the SWC approval process. The program portfolio will provide the details of every activity.

| **Projects** | |
|---|---|
| Human Rights Change Project:<br>1. Advancing Economic, Social and Cultural Rights<br>2. Defending Rights of the Nepali Migrant Workers<br>3. Human Rights Education Programme<br>4: Truth, Justice and Reparations in Nepal<br>5: Campaigns and Communications<br>6. Local Language Programmes | Organizational Development Project:<br>7. Enhancing campaigning knowledge, skills and capacity of Amnesty Nepal members<br>8. Strengthening organizational growth through a responsive engagement<br>9: Strengthening Governance including through continuous reforms |

## HUMAN RIGHTS CAMPAIGNS AND ADVOCACY

Amnesty International Nepal (Amnesty Nepal) will continue focusing on research, advocacy and campaign on human rights issues in Nepal and elsewhere. To achieve meaningful impact and bring changes on the ground on human rights situation, Amnesty Nepal undertakes its activities in a spirit of volunteerism and international solidarity. While a number of its regular activities are undertaken in the spirit of international solidarity based on the action circulars coming in from Amnesty International's international secretariat (IS), Amnesty Nepal takes on a number of annually planned "project like" activities at the local level. Amnesty Nepal is conscious not to duplicate the activities, and aims to have a very collaborative approach in its efforts. Amnesty Nepal's well-federated local structures – Groups and Youth Networks - also propel the organization's campaign drive at the local level. The organization's base of supporter members also contribute in their own ways to push forward the organization's human rights change goals.

Amnesty Nepal is still in a process of building its new National Strategic Goals. So, Amnesty International's global strategic goals will guide the Section's activities and initiatives until a new strategic goal of its own is adopted.

For the year 2022, Amnesty Nepal will therefore continue many of its earlier efforts including dealing with the emerging human rights challenges in the context of ongoing Covid-19 pandemic. Amnesty Nepal's efforts on monitoring, researching and establishing civil, political, economic, social and cultural rights violations, and calling on the authorities to ensure redress will continue. It will also carry on its Human Rights Education (HRE) works in collaboration with the IS team and in partnership with the local partners and stakeholders.

Amnesty Nepal will continue to function in the two-pronged approach of achieving - **Human Rights Change** and **Organizational Change** goals. While it will work for improving human rights situations in Nepal and elsewhere, it will

also work to improve its own organizational efficiency, and internal democracy as improving governance and trying to be more impactful, effective, accountable and transparent is an organization's never ending journey.

**Main Focus under Human Rights Change**

1. **Advancing Economic, Social and Cultural Rights in Nepal**

Nepal's constitution provides for a broad range of fundamental rights and shares a "socialist" vision of society with equality, dignity, diversity and inclusive participation of all people. Amnesty International's one of the priorities is to work towards addressing the entrenched causes of human rights violations rooted in the socio-economic inequalities, marginalization, exclusion and discrimination.

Amnesty Nepal will continue engaging with other civil society stakeholders, members and volunteers to sensitize the local, provincial and federal governments on the constitutional provisions and their obligations to respect, protect and fulfill the rights enshrined in the constitution including by framing legislative and executive frameworks in line with international human rights standards. Amnesty Nepal will also widen its reach and engagement with the affected people and community at the grass roots level to help them access their rights guaranteed by the constitution and laws.

2. **Defending Rights of Nepali Migrant Workers**

In the absence of decent work and income-generating opportunities at home, millions of Nepali citizens have turned to the global economy for employment. Thousands of Nepali youths continue to go abroad for jobs. The government has already issued over four million labour permits to Nepali citizens over the last 20 years, and the trend is growing and not decreasing. These figures only include officially recorded migration by the government, and leave out the hundreds of thousands of Nepalis travelling by land to work in India. This trend of out-migration is only expected to increase, even though it entails huge personal sacrifices for workers and their families.

30% of of Nepal's Gross Domestic Product (GDP) accounts for the remittance, however, there is a very minimal government investment in the safety, rights, dignity, and long-term welfare of labour migrants. Lacking direct access to foreign employers and job opportunities, aspiring migrant workers in Nepal are dependent on layers of private recruitment agents and agencies to provide them with key information about legitimate foreign job opportunities, how to obtain travel and work permits, and other necessary information associated with overseas employment. Poor government oversight over labour intermediaries and recruitment chains has opened up innumerable possibilities for fraud, extortion, and exploitation of people desperate for work. Recruiters do not only charge migrant workers high fees. They also subject them to other abusive and exploitative practices which, particularly in combination with high fees and debt, put them at serious risk of human trafficking and forced labour. Nepal's "Free Visa, Free Ticket Policy", announced in July 2015, is yet to be duly implemented.

In the context of COVID-19 pandemic, the migrant workers continue to be one of the most vulnerable population groups. With lack of reintegration packages, lack of financing opportunities, and lack of employment opportunities, the workers are forced to remigrate for foreign employments through the same abusive recruitment systems and processes that continue rendering them to even greater vulnerabilities.

Amnesty Nepal's activities under this theme will treat Nepal as a sending country of migrant labour, examining the human rights abuses faced by those migrating abroad for work. The focus will be on recruitment agencies and local manpower agents, and the failure of relevant government agencies to act with due diligence and implement existing regulations and laws designed to ensure safe migration. It will also look into the contexts of abuse and exploitation faced by workers in the post Covid-19 context. The advocacy for the amendment in the foreign employment act and other relevant laws will continue.

3. **Human Rights Education Programme**

Although people in the margins have heard the term "rights", not everyone is aware of the broader meaning of what fuller enjoyment of human rights entails in Nepal. Changes in law and policy alone do not reduce human rights violations. In the absence of knowledge of human rights, rights holders remain unaware of the options and remedies available to them to challenge human rights violations and abuses. Actual change in people's lives relies on

individuals knowing their rights, having an attitude oriented to human rights, and developing the skills and confidence to take action when their rights and/or the rights of others are trampled or denied.

Besides, human rights based approach is something that has to be engendered in our social values and behaviors, including by inculcating the values of human rights, its promotion and defense into the minds of young children and youths of the country. Human rights education performs different but equally important functions in diverse settings. In some contexts, HRE is useful for building capacity of the movement, whereas in others it empowers rights holders themselves to claim their rights and assists duty bearers to understand their human rights obligations.

Nepal's school curriculum is yet to encompass a comprehensive human rights content that will generate and expand the awareness about human thereby engendering a human rights culture in the fabric of Nepali society. It should provide space for students and teachers to acquire the knowledge and skills related to human rights, develop values and attitudes that lead to changed behavior, and create a conducive environment to bring into practice and spread out the message of solidarity, and a spirit of standing up and fighting against injustice, intolerance and violence.

4. **Truth, Justice and Reparations in Nepal**

During the internal armed conflict in Nepal between 1996 and 2006, thousands of civilians were killed and thousands were subjected to enforced disappearances, torture and other human rights violations by the security forces and the then Nepal Communist Party (Maoist) forces.

Thirteen years after the signing of the Comprehensive Peace Agreement, not one of those responsible for the human rights violations and abuses have been brought to justice. Victims continue to wait for justice, truth and reparations. This state of impunity continues with the weakening of the respect for the rule of law and accountability. There is a real risk that unless significant pressure is placed on the government, the opportunity for justice will be lost and impunity will continue to be the norm in Nepal.

Amnesty International Nepal together with civil society organizations, victims and their family will continue to push for justice and accountability. Amnesty Nepal will also mobilize its members and supporters in support of this campaign, and pressure on these issues.

5. **Campaigns and Communications**

Concerns about the economy, migration, cultural identity and national security are leading to crackdowns by governments in different countries on legitimate forms of dissent and restrictions on the right to information and freedom of expression, assembly and association. As information technology expands the possibilities for people to enjoy their freedoms, it is also being used by the state, sometimes with corporate complicity, to erode privacy, tighten censorship and expand surveillance. Against this background, xenophobia, racism and religious and other forms of identity-based discrimination are rising.

There is a growing trend, often with the encouragement of the state, of non-state actors policing – and even demonizing – those who fail to conform with the views or the identity of those in power. Human rights defenders and other activists who challenge these practices are in turn being attacked and vilified.

Amnesty Nepal will continue exerting pressure and raising voices through a range of offline and online actions, and activist mobilizations advocating for the protection of the rights of the individuals and communities at risk across the world. We are guided here with the philosophy that as a member of the global community of humanity, we have an obligation to speak up and act for the rights of any individual or community who may be at risk in any part of the world.

As part of a global human rights organization with local membership, Amnesty Nepal has the unique capacity to bring about human rights change simultaneously at different levels: global, regional, national, sub-national and personal. The synergy between global campaigning and local activism can be very powerful if the processes and structures between the two levels are effectively aligned. Furthermore, it is in local settings where responsiveness, relevance and innovation can be high, that change is often most immediately possible and achievable. Thus, it is very important to ensure that Amnesty Nepal communicates effectively with the rights-holders, volunteers and different stakeholders to update on our works, the impact, and the way forward towards upholding human rights for all.

As the world is progressing towards paperless communication with the invention of various communication tools, Amnesty Nepal will prioritize to tap the technologies as well as work towards encouraging its volunteers also to slowly adapt to these means. Having said this, however, Amnesty Nepal will ensure to use the tools that are user-friendly, and most importantly, of the manner which maintains transparency and legitimacy.

6. **Local Language Programme**

Nepal is very diverse in terms of language, ethnicity and geography. Nepal's Terai, the flatland, inhabits over half of the total population with a varied number of ethnic community of which the Madhesi and Tharu are the two predominant one. The trend of labour migration to urban areas and abroad from this part of the country is highest. The people of this part are also backward in terms of access to health, education and other state services. Amnesty Nepal will therefore continue to engage with the people in this area empowering them by educating them of their rights and teaching ways to claim and stand for their rights. We hope to achieve this by translating and disseminating some of our key human rights materials into Maithili and Tharu languages. These materials will speak to them about the fundamental human rights outlined in the UDHR, the stages of foreign labour migration that an aspiring migrant worker should bear in mind, among others. Likewise, Amnesty Nepal will also render other relevant reports into the local languages as required.

**Main Focus under Organizational Change**

7. **Enhancing Campaigning Expertise of Members of Amnesty Nepal**

Amnesty International Nepal is one of the leading Amnesty sections in Asia. Most of our successes are related to the sustained growth in our membership and activism. Amnesty Nepal's one of the core tasks is to remain broadly engaged with its membership and engage in initiatives that enhance the expertise of our members to deliver our actions in more strategic ways so that a visible impact could be achieved on the ground. As per the nature of the organization, there are new activists joining in the organization, and there will always be a need of initiatives that help enhance these new members' expertise. Therefore, Amnesty Nepal will continue its effort and investment in enhancing the campaigning expertise of its members and supporters.

8. **Strengthening Organizational Growth through a responsive engagement**

The realization of Amnesty's human rights aspirations depends on many things, but most of all on people. AI's one of the strategic goals is to strengthen the organizational growth which entails Amnesty to widen its membership i.e. to deepen its reach to the people at the grassroots through its activities. Amnesty Nepal will continue investing in this goal whereby we will continue our efforts to try and reach as furthest as possible to the grassroots level in Nepal through our organizational membership as well as campaign and activism.

Amnesty Nepal will continue to invest in raising the skills and capacity of its members and supporters to undertake human rights campaigns.

9. **Strengthening Governance including through continuous reforms**

Amnesty International is not simply a global human rights organization, it is a democratic movement of committed human rights activists, both volunteers and salaried-staff, who work together with a large constituency of partners and supporters at local, national and international levels. Millions of people across the globe have an active interest or "stake" in Amnesty and its future. And this is ensured through its democratic organizational processes at both the governance and operational level.

In 2021, Amnesty Nepal embarked on an unprecedented and historical journey of governance reform. The reform process was driven by a governance review report submitted to Amnesty Nepal and the Secretary General of Amnesty International in December 2020 by an external reviewer appointed by the Secretary General (SG) in October 2020. The review report spelled out key reforms areas and advised for a more diversified and open membership base that is represented and inovovled in decision making processes in a fair and equitable basis.

The change process went through an MoU between the International Secretariat and AI Nepal signed on 7 May 2021. Based on the MoU, the Section held its 29th AGM in September 2021 and adopted the changes in the Statute of the organization ensuring the participation of youth and individual supporter members in the Section's AGM and other decision making processes.

Amnesty Nepal will implement the statutory changes made and will continue pursuing the remaining reforms agenda to make Amnesty Nepal a bolder, more inclusive, more progressive, more participatory, more diverse, more rooted to the ground, and a truly fit-for-purpose human rights organization in Nepal

(१) आयाताकार पहेँलो पृष्ठभूमिमा दायाँतर्फ काँडेतारले बेरिएको बलिरहेको मैनबत्ति र बायाँतर्फ पहिलो हरफमा "एम्नेस्टी" र दोस्रो हरफमा "इन्टरनेसनल" लेखिएको र दुवै हरफहरूको लम्बाई बराबर भएको तथा पहेँलो भागको ठिक तल पहेँलो भागको लम्बाईको बराबर हुनेगरी "एम्नेस्टी इन्टरनेसनल नेपाल" लेखिएको (अनुसूची १ अनुसारको) एम्नेस्टी नेपालको प्रतीक चिन्ह हुनेछ।

(२) यस संस्थाको प्रतीक चिन्ह अङ्कित भएको एक छाप हुने छ।

---

4 छैठौं संशोधन २०७६ द्वारा संशोधित।

5 छैठौं संशोधन २०७६ द्वारा संशोधित। सोअघिको व्यवस्था : "सदस्य" भन्नाले एम्नेस्टी इन्टरनेसनलको सिद्धान्त, आदर्श र विधानलाई स्वीकार्ने र यो विधानको "सदस्यता" खण्डमा उल्लिखित सर्तहरू स्वीकारी सदस्यता प्राप्त गरेका व्यक्तिलाई जनाउने छ।

6 संसोधन पहिलाको व्यवस्था ***<u>"स्थानीय निकाय" भन्नाले सम्बन्धित गाविस, नगरपालिका, महानगरपालिका, जिल्ला विकास समितिलाई बुझाउने छ।</u>***

7 छैठौं संशोधन २०७६ द्वारा संशोधित। सोअघि "रूपमा" रहेको।

8 सातौं संशोधन २०७८ द्वारा थप गरिएको।

9 छैठौं संशोधन २०७६ द्वारा संशोधित। सोअघिको व्यवस्था : "पुनरावेदन समिति" भन्नाले एम्नेस्टी नेपालको राष्ट्रिय परिषद् बैठकबाट विधान बमोजिम निर्वाचित हुने पुनरावेदन समितिलाई जनाउने छ।

10 पाँचौ संशोधन २०७४ द्वारा एम्नेस्टी नेपालको स्थानीय संरचनाको रूपमा रहेको ***<u>"युथ नेटवर्क"</u>*** को परिभाषा विधानमा समावेश गर्न उपयुक्त भएकोले थप गरिएको।

# भाग–२
# परिदृश्य, उद्देश्य, मूल आदर्श, कार्यविधि र कार्यादेश

**६.** यस संस्थाको परिदृश्य, उद्देश्य, मूल आदर्श, कार्यविधि र कार्यादेश निम्नबमोजिम हुनेछ :

**६.१. परिदृश्य :**

मानवअधिकारको विश्वव्यापी घोषणापत्र तथा मानवअधिकारसम्बन्धी अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूले प्रत्याभूत गरेका मानवअधिकारहरूलाई संसारका हरेक व्यक्तिले स्वतन्त्रतापूर्वक उपभोग र प्राप्ति गर्न पाएको विश्व नै एम्नेस्टी इन्टरनेसनल नेपालको परिदृष्य हुनेछ । [11]

**६.२ उद्देश्य :**

एम्नेस्टी नेपालको परिदृश्यलाई साकार पार्न सबै प्रकृतिका मानवअधिकारहरूको गम्भीर उल्लङ्घन र ज्यादतीको रोकथाम र अन्त्यका लागि अध्ययन-अनुसन्धान तथा अभियानहरू सञ्चालन गर्नु एवं मानवअधिकार प्रवर्धनका लागि कार्य गर्नु एम्नेस्टी इन्टरनेसनल नेपालको उद्देश्य रहेको छ ।

**६.३ मूल आदर्श :**

मानव जीवनमा हुने सबै प्रकारका भेदभावको अन्त्य, स्वतन्त्रता, निष्पक्षता, अन्तर्राष्ट्रिय ऐक्यबद्धता, विश्वव्यापकता, अविभाज्यता, अन्तर्निर्भरता, प्रजातान्त्रिक अभ्यास र आचरण तथा आपसी सद्भावको सिद्धान्तमा आधारित मानवअधिकार रक्षकहरूको विश्व समुदाय निर्माण गर्ने ।[12]

**६.४. कार्यविधि :**

(क) मानवअधिकारसम्बन्धी कुनै निश्चित घटना वा ज्यादतीका सम्बन्धमा एम्नेस्टी इन्टरनेसनलका तर्फबाट गरिएका अनुसन्धानहरूका आधारमा प्राप्त तथ्यहरूलाई सार्वजनिक गरी कुनै पनि देशका सरकार, कम्पनीहरू, अन्तरसरकारी संस्था, सशस्त्र राजनीतिक समूह तथा अन्य गैरराज्य पक्षबाट भएका मानवअधिकार उल्लङ्घन र ज्यादती रोक्नका लागि एम्नेस्टी नेपालमा आबद्ध सदस्य, यसका सहयोगीहरू र मानवअधिकार रक्षकहरूद्वारा नेपालको कानुनको परिधिभित्र रही दबाब सिर्जना गरिने छ ।

(ख) मानवअधिकार उल्लङ्घन र ज्यादतीको रोकथामका लागि सरकारहरूलाई कानुनी शासनको सिद्धान्तको पालना गर्न र मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू अनुमोदन एवं कार्यान्वयनका लागि आह्वान गर्ने छ । मानवअधिकार शिक्षाका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नुका साथै अन्तरसरकारी सङ्गठन, व्यक्ति तथा समाजका हरेक अङ्गलाई मानवअधिकारको सम्मान र समर्थन गर्न प्रोत्साहित गर्ने छ ।

**६.५. कार्यादेश**

एम्नेस्टी इन्टरनेसनलबाट विश्वव्यापी रूपमा मानवअधिकारको प्रवर्धन र संरक्षणका लागि सञ्चालित विभिन्न अभियानप्रति ऐक्यबद्धता प्रकट गर्न, सहभागी हुन र वकालत गर्न एम्नेस्टी नेपाल क्रियाशील हुनेछ । एम्नेस्टी इन्टरनेसनलको अन्तराष्ट्रिय सचिवालयबाट प्राप्त कार्यक्रम र एम्नेस्टी नेपालको वार्षिक साधारण सभाबाट पारित गरिएका वार्षिक कार्यक्रमहरू (Annual Work Plan) का आधारमा राष्ट्रिय सचिवालयले एम्नेस्टी नेपालमा आबद्ध सदस्य, समूह तथा युथ नेटवर्कहरूलाई अभियानसम्बन्धी गतिविधिहरूमा संलग्न हुन निरन्तर *एक्सन सर्कुलर* (Action circular) हरू जारी गर्नेछ । यसरी अभियान सञ्चालन गर्दा नेपालमा भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीसम्बन्धी घटनाहरूको बारेमा एम्नेस्टी नेपालले एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयसँगको परामर्शका आधारमा भएको अनुसन्धान र अध्ययन पछिमात्र आफ्नो धारणा र

---

[11] छैठौं संशोधन २०७६ द्वारा संशोधित । सोअघिको व्यवस्था : मानवअधिकारको विश्वव्यापी घोषणापत्र तथा अन्य अन्तर्राष्ट्रिय दस्ताबेजहरूमा उल्लेख भए बमोजिमका सबै मानवअधिकार हरू हरेक मानव मात्रले उपभोग गर्न पाएको विश्व नै एम्नेस्टी इन्टरनेसनल नेपाल को परिदृश्य हुनेछ ।

[12] छैठौं संशोधन २०७६ द्वारा संशोधित । सोअघिको व्यवस्था : भेदभावको अन्त्य तथा स्वतन्त्रता, प्रजातन्त्र तथा आपसी सद्भावको सिद्धान्तमा आधारित मानवअधिकार रक्षकहरूको समुदाय निर्माण ।

अभिव्यक्ति राख्नेछ जसलाई एम्नेस्टी नेपालमा आबद्ध समूह, निर्माणाधिन समूह, युथ नेटवर्क तथा समर्थक सदस्यहरूले अक्षरश: पालना गर्नुपर्नेछ र उनीहरूले आफ्नै निर्णयका आधारमा कुनै धारणा बनाउने वा अन्य गतिविधिहरू गर्ने कार्य गर्न पाउने छैनन् ।[13]

# भाग–३
# सदस्यता

**७. सदस्यताको प्रकार र प्राप्ति**

**७.१. सदस्यताको प्रकार**

**(क) समर्थक सदस्यता :**

संस्थाको विधान र उद्देश्यहरूको पालना गर्दै संस्थाको अभियानमा सहयोग पुऱ्याउन चाहने १६ वर्ष र सोभन्दा माथिका कुनै पनि नागरिकले आस्था, धर्म, वर्ण, लिङ्ग, उत्पत्ति तथा भाषाका आधारमा कुनै विभेद बिना निर्धारित शुल्क तिरी एम्नेस्टी नेपालको सचिवालयबाट समर्थक सदस्यता प्राप्त गर्न सक्नेछन् । समर्थक सदस्यहरू एम्नेस्टी नेपालका मानवअधिकार अभियानहरूमा संलग्न हुन सक्नेछन् ।[14] उनीहरूले नेतृत्वका लागि प्रतिस्पर्धामा सहभागिता जनाउन पाउने छन् । समर्थक सदस्यहरूलाई प्रतिनिधित्व गर्दै दुई जना सदस्य (एक जना महिला र एक जना पुरुष)ले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको निर्णय प्रकृयाहरूमा मताधिकारसहित सहभागिता जनाउनेछन् । समर्थक सदस्यहरूमध्येबाट निर्णय प्रर्कयामा सहभागी हुने दुई जना प्रतिनिधिको चयन तोकिएबमोजिम हुनेछ ।[15]

**(ख) समूहगत सदस्यता :**

एम्नेस्टी नेपालको विधान र उद्देश्यहरूको पालना गर्दै शाखाको अभियानमा सहयोग पुऱ्याउन र सहभागी हुन चाहने १६ वर्ष वा सोभन्दा माथिका कुनै पनि व्यक्तिले आस्था, धर्म, वर्ण, लिङ्ग उत्पत्ति तथा भाषा भाषा आधारमा विभेद बिना एम्नेस्टी नेपालमा आबद्ध समूह वा निर्माणाधिन समूहको कार्यसमितिले तोकेको पदाधिकारीको सिफारिसमा एम्नेस्टी नेपाल शाखाको समूहगत सदस्यता प्राप्त गर्न सक्नेछन् । यस्ता सदस्यहरूलाई सम्बन्धित समूहमा र सम्बन्धित समूहमार्फत एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको निर्णय प्रकृयामा मताधिकार प्राप्त हुनेछ ।

**(ग) युवा सदस्यता :**

एम्नेस्टी इन्टरनेसनल नेपालको विधानको पालना गर्दै यसको परिदृष्य र उद्देश्यहरू प्राप्ति गर्ने अभियानमा सहयोग पुऱ्याउन र सहभागी हुन चाहने १४ देखि २५ वर्षसम्मका कुनै पनि व्यक्तिले निर्धारित शुल्क तिरी आस्था, धर्म, वर्ण, लिङ्ग उत्पत्ति तथा भाषा वा अन्य कुनै आधारमा कुनै विभेद बिना एम्नेस्टी नेपालमा आबद्ध युथ नेटवर्कको कार्यसमितिले तोकेको पदाधिकारीको सिफारिसमा वा सोझै राष्ट्रिय सचिवालयमार्फत एम्नेस्टी नेपाल शाखाको युवा सदस्यता प्राप्त गर्न सक्नेछन् । युथ नेटवर्कमार्फत बनेका सदस्यहरू सम्बन्धित युथ नेटवर्कको निर्णय प्रकृयामा सहभागी हुन सक्नेछन् । उनीहरूले राष्ट्रिय सचिवालयबाट समर्थक सदस्यता पनि लिन सक्ने छन् ।[16] यस्ता सदस्यहरूलाई सम्बन्धित युथ नेटवर्कमा र सम्बन्धित युथ

[13] छैठौं संशोधन २०७६ द्वारा संशोधित । सोअघिको व्यवस्था : एम्नेस्टी इन्टरनेसनलले विश्वव्यापी रूपमा मानवअधिकारको प्रवर्धन र संरक्षणका लागि सञ्चालन गर्ने अभियानको उद्देश्य प्राप्तिका लागि त्यस्ता अभियानप्रति ऐक्यबद्धता प्रकट गर्न, सहभागी हुन र कार्यक्रम सञ्चालन गर्न एम्नेस्टी नेपाल क्रियाशील हुने छ । यसरी अभियान सञ्चालन गर्दा नेपालमा भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीसम्बन्धी घटनाहरूको अनुसन्धा सँग सम्बन्धित कार्यमा भने एम्नेस्टी इन्टरनेसनल नेपाल शाखामा आबद्ध समूह, निर्माणाधिन समूह, सञ्जाल तथा सदस्यहरूले आफ्नै निर्णयका आधारमा मात्र संलग्न हुन पाउने छैनन् ।

[14] छैठौं संशोधन २०७६ द्वारा संशोधित । सोअघिको व्यवस्था : संस्थाको विधान र उद्देश्यहरूको पालना गर्दै संस्थाको अभियानमा सहयोग पुऱ्याउन चाहने तर निर्णय प्रकृयामा मताधिकार नचाहने १६ वर्ष र सोभन्दा माथिका कुनै पनि नागरिकले आस्था, धर्म, वर्ण, लिङ्ग, उत्पत्ति तथा भाषाका आधारमा कुनै विभेद बिना एम्नेस्टी नेपाल शाखाको समर्थक सदस्यमा गणना गर्न सकिने छ ।

[15] सातौं संशोधन २०७८ द्वारा थप गरिएको ।

[16] छैठौं संशोधन २०७६ द्वारा संशोधित । सोअघिको व्यवस्था : एम्नेस्टी नेपालको विधान र उद्देश्यहरूको पालना गर्दै शाखाको अभियानमा सहयोग पुऱ्याउने र सहभागी हुन चाहने १४ देखि २५ वर्षसम्मका कुनै पनि व्यक्तिले आस्था, धर्म, वर्ण, लिङ्ग उत्पत्ति तथा भाषाका आधारमा कुनै विभेद बिना एम्नेस्टी नेपालमा आबद्ध युथ नेटवर्कको कार्यसमितिले तोकेको पदाधिकारीको सिफारिसमा वा सोझै राष्ट्रिय सचिवालयमार्फत एम्नेस्टी नेपाल शाखाको युवा सदस्यता प्राप्त गर्न

नेटवर्कमार्फत एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको निर्णय प्रकृयामा मताधिकार प्राप्त हुनेछ ।[17]

**(घ) मानार्थ सदस्यता**

समाजको विभिन्न क्षेत्रमा रही सामाजिक प्रतिष्ठा हाँसिल गरेका वा मानवअधिकार प्रवर्धन र संवर्धनमा योगदान पुऱ्याउँदै आएका व्यक्तिलाई तोकिएबमोजिम एम्नेस्टी नेपाल शाखाले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।[18]

**७.२. सदस्यता प्राप्ति**

विधानको दफा ७ को उपदफा १ बमोजिमको प्रकृया पुरा गरी राष्ट्रिय सचिवालयबाट सदस्यता प्रदान गरिने छ । यसरी प्रदान गरिएको सदस्यहरूको सदस्यता अवधि दुई वर्षको रहनेछ र सो अवधि पश्चात पुनः नवीकरण गरी सदस्यता कायम गर्न सकिनेछ ।[19]

**७.३. सदस्यताका लागि आवश्यक योग्यताः**

एम्नेस्टी नेपालको सदस्यता प्राप्त गर्नका लागि आवश्यक प्रावधानहरू निम्नानुसार रहेका छन् :

(क) एम्नेस्टी नेपालको विधान र उद्देश्यहरू पालनाको प्रतिबद्धता ।
(ख) एम्नेस्टी नेपालबाट निर्धारित शुल्कको भुक्तानी ।
(ग) मानसिक सन्तुलन नगुमाएको ।
(घ) भ्रष्टाचारमा दोषी नठहरिएको ।
(ङ) मानवअधिकार ज्यादती र उल्लङ्घन हुने खालका कुनै कार्यमा संलग्न नरहेको ।

**७.४. सदस्यता नवीकरण :**

(क) हरेक सदस्यले आफ्नो सदस्यता समाप्त भएको छ महिनाभित्र आफ्नो सदस्यता नवीकरण गराउनु पर्ने छ । तोकिएको समय भुक्तान भइसकेपछि नवीकरण गरिने छैन, तर नयाँ सदस्यता प्राप्तिका प्रकृयाका लागि बाधा भने पुग्ने छैन ।
(ख) नेसनल बोर्डले उपयुक्त कारण खुलाई कुनै व्यक्तिको सदस्यता नवीकरण नगर्ने भन्ने निर्णय गर्न सक्दछ ।
(ग) नेसनल बोर्डले सदस्यता नवीकरण नगर्ने निर्णय गरिएका व्यक्तिलाई पुनरावेदन गर्ने अधिकार भने हुनेछ ।[20]

**८. सदस्यताको समाप्ति**

(१) देहायको कुनै एक अवस्थामा एम्नेस्टी नेपालको कुनै पनि सदस्यको सदस्यता समाप्त हुनेछ :

(क) लिखित राजिनामा दिई स्वीकृत भएमा,
(ख) एम्नेस्टी इन्टरनेसनल र एम्नेस्टी नेपालको विधान, नीति र उद्देश्य विपरीत कार्य गरेमा,
(ग) सदस्यताको म्याद समाप्त भएमा,
(घ) विधानको भाग ३ दफा ७.३ बमोजिमको योग्यता नरहेमा,
(ङ) मृत्यु भएमा
(च) युथ नेटवर्क सदस्यको हकमा सम्बन्धित सदस्यको उमेर पच्चीस वर्ष पूरा भएमा ।

---

सक्नेछन् । युथ नेटवर्कमार्फत बनेका सदस्यहरू सम्बन्धित युथ नेटवर्कको निर्णय प्रकृयामा सहभागी हुन सक्नेछन् । साथै तोकिएअनुसार एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको निर्णय प्रकृयामा मताधिकार प्राप्त हुनेछ ।

[17] सातौं संशोधन २०७८ द्वारा थप गरिएको ।

[18] पाँचौं सैशोधन २०७४ मार्फत संशोधन गरिएको । संशोधन अघि निम्न प्रावधान रहेको थियो:

**(घ) साधारण सदस्यता**

एम्नेस्टी नेपालले संचालन गर्ने अभियान संचालनका लागि नियमित रुपमा आर्थिक सहयोग प्रदान गर्ने, यसको विधान र उद्देश्यहरूको पालना गर्दै संस्थाले संचालन गर्ने अभियानमा सहभागि हुदै सहयोग पुऱ्याउदै आएका दक्ष, अनुभवी तथा प्रतिष्ठित व्यक्तिलाई तोकिए वमोजिम एम्नेस्टी नेपाल शाखाले साधारण सदस्यता प्रदान गर्न सक्नेछ । यसरी सदस्यता दिदा आस्था, धर्म, बर्ण, लिङ्ग उत्पत्ति तथा भाषाका आधारमा कुनै विभेद गरिने छैन ।

[19] छैठौं संशोधन २०७६ द्वारा संशोधित । सोअघिको व्यवस्था : नेसनल बोर्डले निर्धारण गरे बमोजिमको प्रक्रिया पुरा गरी राष्ट्रिय सचिवालयबाट सदस्यता प्रदान गरिने छ ।

[20] पाँचौं सैशोधन २०७४ मार्फत संशोधन गरिएको । संशोधन अघि निम्न प्रावधान रहेको थियो: (ग) यसरी नवीकरणवाट वन्चित भएकालाई पुनरावेदन गर्ने अधिकार हुनेछ ।

(२) समूहगत सदस्यको हकमा सम्बन्धित एम्नेस्टी समूह वा निर्माणाधिन समूहको सिफारिसमा नेसनल बोर्डले सदस्यता समाप्तिसम्बन्धी निर्णय गर्नेछ। यदि सम्बन्धित एम्नेस्टी समूह वा निर्माणाधिन समूहले सिफारिस नगरेमा नेसनल बोर्डले सदस्यता समाप्तिको निर्णय गर्ने छ।

(३) समर्थक सदस्यको सदस्यता समाप्तिसम्बन्धी निर्णय नेसनल बोर्डले गर्नेछ।

## भाग–४
## साङ्गठनिक संरचना

**९. साधारणसभा**

९.१. साधारणसभाको स्वरूपः

वर्षमा एकपटक आयोजना गरिने साधारण सभा एम्नेस्टी नेपालको नीतिगत निर्णय गर्ने सर्वोच्च निकाय हुनेछ। साधारण सभाले हरेक दुई/दुई वर्षमा नेसनल बोर्ड र पुनरावेदन समितिको नियमित निर्वाचन गर्नेछ। साथै साधारण सभाले विधान संशोधन गर्ने, नीतिगत निर्णयहरू गर्ने, वार्षिक कार्ययोजना अनुमोदन गर्ने तथा संस्था विघटनको सिफारिस गर्नेसम्बन्धी निर्णयहरू पनि गर्नेछ।[21]

**९.२.** साधारण सभाको बैठक हरेक वर्ष बस्नेछ। . . . ✂[22]

९.३. **(१) साधारण सभाको गठनः**

साधारण सभामा निम्नबमोजिमको सहभागिता रहनेछ :

(क) नेसनल बोर्डका पदाधिकारीहरू,
(ख) पुनरावेदन समितिका पदाधिकारीहरू,
(ग) मान्यता प्राप्त समूहबाट अनिवार्य एक जना महिलासहित दुई जना प्रतिनिधि
(घ) मान्यता प्राप्त युथ नेटवर्कबाट अनिवार्य एक जना महिलासहित दुई जना प्रतिनिधि
(ङ) समर्थक सदस्यहरूमध्येबाट अनिवार्य एक जना महिलासहित दुई जना प्रतिनिधि
(च) निमार्णाधिन समूहबाट अनिवार्य एक जना महिलासहित दुई जना पर्यवेक्षक
(छ) निमार्णाधिन युथ नेटवर्कबाट अनिवार्य एक जना महिलासहित दुई जना पर्यवेक्षक
(ज) नेसनल बोर्डबाट मनोनित पर्यवेक्षकहरू,
(झ) राष्ट्रिय सचिवालयका कर्मचारीहरू,
(ञ) अन्तर्राष्ट्रिय सचिवालय/बोर्डका अतिथि पर्यवेक्षकहरू
(ट) एम्नेस्टी इन्टरनेसनलका अन्य शाखाका अतिथि पर्यवेक्षकहरू

**(२) मताधिकार :**

एम्नेस्टी नेपालमा आबद्धताको मान्यता प्राप्त समूह र युथ नेटवर्कका दुई/दुई जना प्रतिनिधि र समथर्क सदस्यहरूको तर्फबाट सहभागी दुई जना प्रतिनिधिहरूमा मताधिकार रहनेछ।[23]

९.४. ✂ ✂ ✂

**९.५ विशेष सधारणसभा :**

(क) एम्नेस्टी नेपाल अन्तर्गतका २५ प्रतिशत समूह र युथनेटवर्कहरूले तोकिएबमोजिम विशेष कारण देखाई विशेष साधारणसभाको माग गरेमा नेशनल बोर्डले त्यस्तो अनुरोध प्राप्त भएको ४५ दिनभित्र विशेष साधारणसभा बोलाउने छ।

---

[21] छैठौं संशोधन २०७६ द्वारा संशोधित। सोअघिको व्यवस्था : साधारणसभा एम्नेस्टी नेपालको नीतिगत निर्णय गर्ने सर्वोच्च निकाय हुनेछ। राष्ट्रिय परिषद् र समूहहरूको राष्ट्रिय बैठक गरी यसको दुईओटा स्वरूप हुनेछ। नेसनल बोर्ड र पुनरावेदन समितिको नियमित निर्वाचन गर्ने, संस्था विघटनको सिफारिस गर्ने तथा यस विधानमा राष्ट्रिय परिषद्ले गर्ने भनी तोकिएकामा बाहेक समूहहरूको राष्ट्रिय बैठकका सबै अधिकार राष्ट्रिय परिषद् सरह हुने छ।

[22] छैठौं संशोधन २०७६ द्वारा हटाइएको। सोअघिको व्यवस्था : साधारण सभाको बैठक हरेक वर्ष बस्ने छ। प्रत्येक २/२ वर्षमा राष्ट्रिय परिषद्को बैठक बस्ने छ। राष्ट्रिय परिषद्को बैठकको अन्तरालमा समूहहरूको राष्ट्रिय बैठक बस्ने छ।

[23] सातौं संशोधन २०७८ द्वारा संशोधित।

(ख) तत्काल विशेष साधारण सभाबाट कुनै विषयमा अन्तिम निर्णय लिनुपर्ने परिस्थिति सिर्जना भएमा नेसनल बोर्डले आवश्यकताअनुसार  विशेष सधारणसभा बोलाउन सक्नेछ ।
(ग) विशेष साधारणसभा जुन कार्यका लागि माग गरिएको वा बोलाइएको हो सोही विषयमा मात्र छलफल गरी निर्णय लिइनेछ ।
(घ) विशेष साधारण सभाको गठन दफा ९.३ बमोजिम हुने छ ।
(ङ) विशेष साधारणसभा माग भएको ९० दिनभित्र नियमित वार्षिक साधारणसभा बस्ने भए त्यस्तो विशेष साधारणसभा बोलाउन नेसनल बोर्ड बाध्य हुने छैन तर विशेष साधारणसभामा पेस गर्ने भनिएका प्रस्ताव नियमित साधारणसभामा प्रस्तुत गर्न पर्नेछ ।
(च) विशेष सधारणसभाको जानकारी ३० दिन अगाडि नै समूह र युथनेटवर्कहरूलाई पठाउनु पर्नेछ ।

**९.६. साधारणसभाको बैठक :**
(क) साधारणसभाको बैठक प्रत्येक वर्ष नेसनल बोर्डबाट निर्धारण भएको मिति, समय र स्थानमा हुने छ र एम्नेस्टी नेपालअन्तर्गतका सबै समूह, युथ नेटवर्क, समर्थक सदस्य, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कहरूलाई[24] यस्तो बैठकको सूचना ४५ दिन अगावै गरिने छ ।
(ख) साधारणसभाको अध्यक्षता नेसनल बोर्डले तोकेको व्यक्तिले गर्ने छ ।
(ग) साधारणसभाको गणपूरक सङ्ख्या दुई तिहाई (६७ प्रतिशत) हुनेछ । तोकिएको गणपूरक सङ्ख्या नपुगेमा सोको व्यहोरा खुलाई सभा स्थगन गरिनेछ र तोकिएबमोजिम प्रकृया पुरा गरी पुनः सञ्चालन गरिनेछ । [25]
(घ) साधारणसभामा कुनै विषयउपर मतभेद भई निर्णय गर्नुपरेमा एक व्यक्ति एक मतका आधारमा बहुमतबाट गरिने छ ।
(ङ) साधारणसभामा कुनै विषयउपर विवाद भई पक्ष विपक्षमा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिने छन् ।

**९.७. साधारणसभाको काम, कर्तव्य र अधिकार**
(क) एम्नेस्टी इन्टरनेसनलको एकीकृत रणनीतिक लक्ष्य (Strategic Goals)[26] मा आधारित एम्नेस्टी नेपालको राष्ट्रिय रणनीतिक योजना तर्जुमा गर्ने,
(ख) एम्नेस्टी इन्टरनेसनलको आर्थिक नीतिमा आधारित एम्नेस्टी नेपालको आर्थिक नीति तर्जुमा गर्ने ।
(ग) नेसनल बोर्ड तथा पुनरावेदन समितिको निर्वाचन गर्ने ।
(घ) एम्नेस्टी नेपालको कार्यप्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन, बजेट, कार्ययोजना तथा राष्ट्रिय सचिवालयको प्रतिवेदनउपर छलफल गरी पारित गर्ने ।
(ङ) लेखापरीक्षक नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।
(च) अन्य आवश्यक प्रस्तावहरू पारित गर्ने ।

## १०.१ नेसनल बोर्ड

**(क) नेसनल बोर्ड (National Board) को गठनः** एम्नेस्टी नेपालको वार्षिक साधारणसभाको अन्तरालमा आवश्यक पर्ने नीतिगत निर्णय गर्न एवं एम्नेस्टी नेपालको राष्ट्रिय रणनीतिक योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि निम्नबमोजिम नेसनल बोर्ड (National Board) गठन हुने छ ।
(क) अध्यक्षः १
(ख) उपाध्यक्षः १ जना
(ग) महासचिवः १ जना
(घ) कोषाध्यक्षः १ जना
(ङ) उपमहासचिवः १ जना
(च) सदस्यहरू : छ जना (कम्तिमा एक महिला सहित दुईजना युवा सदस्य सहित)[27]

---
24 सातौं संशोधन २०७८ द्वारा संशोधित ।
25 पाँचौं संशोधन २०७४ ले थपेको ।
26 पाँचौं संशोधन २०७४ द्वारा संशोधित । सोअघि ". . .एकीकृत रणनीतिक योजना . . ." रहेको ।

**(ख) नेसनल बोर्डको निर्वाचन**

(१) साधारण सभाबाट निम्नानुसारका पदाधिकारीहरूको निर्वाचन हुने छ ।

(क) अध्यक्ष : १ जना

(ख) कोषाध्यक्षको १ जना

(ग) सदस्य ९ जना (कम्तीमा ३ जना महिला र दुई जना युवा सदस्य जसमा एकजना अनिवार्य महिला) ।

**नोटः** यस उपखण्डको प्रयोजनका लागि मतदानको अधिकार एम्नेस्टी नेपालमा आबद्धताको मान्यता प्राप्त समूह, युथ नेटवर्क र समथर्क सदस्यहरूको तर्फबाट सहभागी दुई/दुई जना[28] प्रतिनिधिहरूलाई रहनेछ ।

(२) ✂ ✂ ✂ [29]

(३) यसरी विधानको भाग ४, दफा १०.१ (ख) (१) अनुसारका अध्यक्ष, कोषाध्यक्ष र सदस्यहरूको पहिलो बैठक[30]बाट दफा १०.१ (क) को बाँकी पदाधिकारीहरू (उपाध्यक्ष, महासचिव र उपमहासचिव) को नियुक्ति हुनेछ ।

(४) निर्वाचन प्रयोजनका लागि नेसनल बोर्डले निर्वाचन हुने मिति तोक्ने समयमा निर्वाचन समिति गठन गर्ने छ । निर्वाचन समिति तोकिए बमोजिम हुनेछ ।[31]

(५) निर्वाचनसम्बन्धी कार्यविधि अन्यथा तोकिएकामा बाहेक संयोजक वा निर्वाचन समितिले तोकेबमोजिम हुने छ ।

(६) नेसनल बोर्डको पदावधि निर्वाचित भएको मितिबाट दुई वर्षको हुनेछ ।

(७) अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव र कोषाध्यक्षले लगातार दुई कार्यकालसम्म निर्वाचित भइसकेपछि पुनः तेश्रो कार्यकालका लागि सोही पदमा उम्मेदवारी दिन पाउने छैन भने नेसनल बोर्डमा एउटै व्यक्तिले लगातार छ वर्षभन्दा बढी कार्यकालका लागि उम्मेदवारी दिन सक्ने छैन ।

**(ग) नोमिनेसन कमिटि**

(१) नेसनल बोर्ड तथा पुनरावेदन समितिको निर्वाचनमा उम्मेदवारी दिने व्यक्तिको क्षमता तथा दक्षता मूल्याङ्कन गर्न नेसनल बोर्डले एक नोमिनेसन कमिटि गठन गर्नेछ । जसमा संयोजक र दुई जना सदस्य रहनेछन् ।

(२) यस कमिटिले  एम्नेस्टी इन्टरनेसनलको परिदृश्य, उद्देश्य र मूल आदर्श बुझेका एवं एम्नेस्टी नेपालको बोर्डमा रही कार्य गर्न दक्षता हाँसिल गरेका व्यक्तिहरूको पहिचान गरी उनीहरूलाई नेसनल बोर्डको निर्वाचनमा उम्मेदवारी दिन प्रोत्साहित र आमन्त्रित गर्न सक्नेछ ।

(३) नेसनल बोर्ड तथा पुनरावेदन समितिको निर्वाचनमा उम्मेदवारी दिन चाहने एम्नेस्टी नेपाल समूह, युथ नेटवर्क र समर्थक सदस्यहरूले सम्बन्धित पदमा कार्य गर्नका लागि आफूसँग भएको योग्यता र क्षमता लगायतका विषय उल्लेख गरी तोकिएबमोजिमको चाहनापत्र कमिटिसमक्ष पेश गर्नु पर्नेछ ।

(४) कमिटीमा प्राप्त हुन आएका चाहनापत्रहरूको आधारमा सम्बन्धित पदमा नीजको योग्यता र क्षमता पुगे नपुगेको विषयमा तोकिएको कार्यक्षमता ढाँचा (competency framework) का आधारमा मूल्याङ्कन गरी उक्त उम्मेदवारीका सम्बन्धमा नोमिनेसन कमिटिले सिफारिश

[27] पाँचौं संशोधन २०७४ ले थपेको ।

[28] सातौं संशोधन २०७८ द्वारा संशोधित ।

[29] सातौं संशोधन २०७८ द्वारा हटाइएको ।

[30] सातौं संशोधन २०७८ द्वारा संशोधित ।

[31] पाँचौं संशोधन २०७४ ले संशोधन गरेको । सो अघि निम्न व्यवस्था रहेको थियो :

(२) तोकिए वमोजिम चयनहुने गरी युथ नेटवर्कबाट कम्तिमा एकजना महिला सहित दुईजना सदस्य ।

(३) उल्लेखित १ (ग) र २ अनुसरका सदस्यहरु मध्येबाट तोकिए अनुसार दफा १०.१ (क) को वाँकी पदाधिकारीहरुको कार्यविभाजन हुने छ ।

(४)  निर्वाचन प्रयोजनका लागि नेसनल बोर्डले निर्वाचन हुने मिति तोक्ने समयमा संस्थाका पूर्व अध्ययक्ष मध्येवाट एक जनाको संयोजनमा निष्पक्ष निर्वाचन समिति गठन गर्ने छ ।

गर्न सक्नेछ । उम्मेदवारी दिनु अगावै उक्त व्यक्तिले एम्नेस्टी नेपालको सदस्यता भने लिएको हुनुपर्दछ ।

(५) कमिटिको गठन एवं काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।[32]

## १०.२. उम्मेदवारको योग्यता तथा अयोग्यता

(क) एम्नेस्टी नेपालको साधारण सभामा हुने नेसनल बोर्ड वा पुनरावेदन समितिको निर्वाचनमा एम्नेस्टी नेपालमा आबद्ध समूह र युथ नेटवर्कका सदस्य, समर्थक सदस्य र नोमिनेसन कमिटिले[33] आमन्त्रित सदस्यले मात्र उम्मेदवारी दिन पाउने छन् ।

(ख) नैतिक पतन देखिने फौजदारी अपराधमा सजाय पाएको, विगतमा मानव अधिकार विरोधी कार्यमा संलग्न भएको, एम्नेस्टी इन्टरनेसनलको नीति तथा कार्यक्रमप्रति अनास्था राख्ने, एम्नेस्टी इन्टरनेसनललाई कुनै रकम तथा जिन्सी तिर्न बाँकी बक्यौता भएको, महिला हिंसा, बाल हिंसा, दुराचार, जालसाजी र छलकपटजन्य कुनै पनि गतिविधिमा संलग्न रहेको, कुनै पनि राजनीतिक दलको स्थानीय, प्रादेशिक, जिल्ला वा केन्द्रीयस्तरका समिति, कार्य दल वा भातृ सङ्गठनको कार्यसमिति[34] सदस्य रहेको वा नोमिनेसन कमिटिको मूल्यांकनबाट तोकिएबमोजिमको योग्यता नपुगेको व्यक्ति नेसनल बोर्ड वा पुनरावेदन समितिको कुनै पनि पदमा उम्मेदवार हुन सक्ने छैन । साथै उल्लेखित कुनै कुरा लुकाई उम्मेदवार भई निर्वाचित भएको तथ्य पछि खुल्न आएमा निर्वाचित भइसकेपछि पनि त्यस्ता समितिहरूको सदस्य भएमा निज स्वतः पदमुक्त भएको मानिने छ । यसरी पदमुक्त भएको घोषणा गर्दा नेसनल बोर्डले निजलाई सफाइको मौकाबाट वञ्चित गर्ने छैन ।

## १०.३. नेसनल बोर्डको काम, कर्तव्य र अधिकार

(क) एम्नेस्टी इन्टरनेसनल नेपालको रणनीतिक दिशा र लक्ष्य निर्धारण गर्ने;

(ख) एम्नेस्टी इन्टरनेसनलको ग्लोबल गभर्नेन्ससम्बन्धी प्रकृयाहरू जस्तै ग्लोबल असेम्ब्ली (global assembly), रिजनल फोरम, भर्च्युअल असेम्ब्ली वा फोरम लगायतमा एम्नेस्टी नेपालको तर्फबाट प्रभावकारी अन्तर्राष्ट्रिय प्रतिनिधित्व र सहभागिताको सुनिश्चित गर्ने र सो बैठकका निर्णयहरूलाई परिपालना गर्ने गराउने,

(ग) इन्टरनेसनल बोर्ड र अन्तर्राष्ट्रिय सचिवालय (आई.एस.) बाट प्रेषित रणनीति तथा निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।

(घ) एम्नेस्टी नेपालको साधारण सभाबाट पारित वार्षिक कार्यक्रमहरूको कार्यान्वयनको अनुगमन गर्ने,

(ङ) एम्नेस्टी नेपालको प्रशासनिक तथा आर्थिक श्रोत आर्जन र व्यवस्थापन सम्बन्धी संरचनात्मक मापदण्डहरू तयार गरी संस्थाको वित्तीय यथार्थता र संभाव्यता (financial viability and feasibility) लाई सुनिश्चित गर्न आवश्यक रणनीतिहरू निर्माण गरी लागू गर्ने गराउने ।

(च) संस्थाको आवश्यकताअनुरुप विभिन्न समिति र उपसमितिहरूको गठन गरी काम, कर्तव्य र अधिकार तोक्ने,

(छ) संस्थाका लागि आवश्यक सल्लाह र सुझाव लिने उद्देश्यका साथ नेसनल बोर्डले बढीमा तीन जना (एकजना अनिवार्य महिला) सल्लाहकार नियुक्त गर्न सक्नेछ ।[35]

---

[32] पाँचौं संशोधन २०७४ द्वारा संशोधित । सोपूर्व निम्न व्यवस्था रहेको :

**(ग) उमेदवारको क्षमता र दक्षता मूल्यांकन समिति (नोमिनेसन कमिटि)**

(क) संस्थाको पूर्व अध्यक्षको संयोजकत्वमा तिन सदस्यीय नोमिनेसन कमिटी गठन गरिने छ । यस कमिटिले तोकिए अनुसार नेसनल बोर्डका उमेदवारहरुको क्षमता र दक्षताको मूल्यांकन गर्नेछ ।

(ख) यस कमिटिले साधारण सदस्यहरूमध्येवाट पनि एआईको पदिदृश्य, उदेश्य, मूल आदर्श बुझेका क्षमता र दक्षवान व्यतित्वहरुलाई नेतृत्वमा आउनको लागि त्यस्ता व्यक्तिहरुको पहिचान गरि उनिहरुलाई नेसनल बोर्डको उमेदवारीको लागि प्रोत्साहित र आमन्त्रित गर्न सक्ने छ ।

[33] सातौं संशोधन २०७८ द्वारा संशोधित ।

[34] सातौं संशोधन २०७८ द्वारा संशोधित ।

[35] छैठौं संशोधन २०७६ द्वारा हटाइएको । सोअघिको व्यवस्था :

(क) एम्नेस्टी इन्टरनेसनलको ग्लोबल एसेम्ब्ली र इन्टरनेसनल बोर्ड एवं अन्तर्राष्ट्रिय सचिवालय (आई.एस.) का निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।

(ख) साधारणसभाबाट निर्धारित नीतिअनुरूप कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ग) एम्नेस्टी नेपालको प्रशासनिक, आर्थिक, श्रोत व्यवस्थापन र अभियान सञ्चालन जस्ता कार्यहरूको अनुगमन गर्नु,

(घ) नेसनल बोर्डलाई आवश्यक सल्लाह दिन बढीमा तीन जना सल्लाहकार नियुक्तञ्ञछ गर्न सक्ने,

(ञ) एम्नेस्टी इन्टरनेसनल नेपालको कार्य सञ्चालनका लागि आवश्यक नियम, विनियम, उपनियम तथा निर्देशिकाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने,

(झ) कुनै सदस्यको सदस्यता; निर्माणाधिन तथा मान्यता प्राप्त समूह, युथ नेटवर्क वा नेसनल बोर्डका पदाधिकारी तथा सदस्यहरूलाई विधान र नियमावलीअनुरूप निलम्बन, निष्कासन वा खारेज गर्ने,

(ञ) एम्नेस्टी इन्टरनेसनल र एम्नेस्टी इन्टरनेसनल नेपालको नीति एवं विधानअनुरूपको कार्यमा सदस्य, समूह एवं युथ नेटवर्कलाई सक्रिय बनाउन आवश्यक निर्देशिका एवं कार्यविधि(हरू) निर्माण गरी लागू गर्ने र

(ट) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

## १०.४. नेसनल बोर्ड पदाधिकारीहरूको[36] काम, कर्तव्य र अधिकार

नेसनल बोर्डका अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

### (१) अध्यक्षको काम, कर्तव्य र अधिकार

(क) नेसनल बोर्ड बैठकको अध्यक्षता तथा सञ्चालन गर्ने,

(ख) एम्नेस्टी नेपालको निर्देशकको नियुक्ति गर्ने र नीजको कामको सुपरीवेक्षण एवं कार्यसम्पादन मूल्याङ्कन गर्ने ।[37]

(ग) एम्नेस्टी नेपालका तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने,

(घ) आवश्यकताअनुसार अन्य पदाधिकारी तथा सदस्यहरूलाई कार्यभार सुम्पने, र

(ङ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

### २) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :

. . . ✂ [38]

क) अध्यक्षले तोकेको जिम्मेवारी पूरा गर्ने,

ख) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने भनी तोकिएका सम्पूर्ण कार्यहरू गर्ने, र

ग) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

### ३) महासचिवको काम, कर्तव्य र अधिकार

(क) अध्यक्षको सल्लाहमा नेसनल बोर्डको बैठक तथा अन्य सभाहरू बोलाउने,

(ख) अभिलेखहरू तयार गरी सुरक्षित राखिएको सुनिश्चित गर्ने,

(ग) वार्षिक साधारण सभामा नेसनल बोर्डको गतिविधिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने, र

(घ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

### ४) उपमहासचिवको काम, कर्तव्य र अधिकार

. . . ✂[39]

क) महासचिवको अनुपस्थितिमा निजले गर्ने भनी तोकिएका सम्पूर्ण कार्यहरू गर्ने, र

ख) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

### ५) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

क) एम्नेस्टी नेपालको कोषको सञ्चालन नियमानुसार भएको सुनिश्चित गर्ने,

ख) वार्षिक साधारणसभामा एम्नेस्टी नेपालको आय-व्यय विवरण प्रस्तुत गर्ने,

ग) एम्नेस्टी नेपालको लेखा दुरुस्त राखिएको सुनिश्चित गर्ने,

---

(ङ) संस्थाको विशेष आवश्यकताअनुरूप विभिन्न उपसमिति र विशेष समिति (हरू) को गठन गरी त्यसको काम, कर्तव्य र अधिकार तोक्ने,

(च) एम्नेस्टी नेपालको कार्य सञ्चालनका लागि आवश्यक नियम, विनियम, उपनियम तथा निर्देशिकाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने,

[36] छैठौं संशोधन २०७६ द्वारा परिवर्तित । सोअघि "अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष तथा सदस्यहरूको" रहेको ।

[37] पाँचौं संशोधन २०७४ द्वारा संशोधित । सोअघि निम्न व्यवस्था रहेको :

ख) मतदानको कार्यमा मत बराबर भएमा निर्णायक मत दिने,

[38] पाँचौं संशोधन २०७४ द्वारा हटाइएको । सोअघि निम्न व्यवस्था रहेको : क) अध्यक्षलाई निजको काममा सहयोग गर्ने,

[39] पाँचौं संशोधन २०७४ द्वारा हटाइएको । सोअघि निम्न व्यवस्था रहेको : क) महासचिवलाई निजको काममा सहयोग गर्ने,

घ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

### ६) सदस्यहरूको काम, कर्तव्य र अधिकार

क) नेसनल बोर्डको बैठकमा नियमित उपस्थित भई छलफलमा सक्रिय रूपमा सहभागी हुने,
ख) एम्नेस्टी नेपालद्वारा आयोजना गरिएका कार्यक्रमहरूमा सक्रिय सहभागिता जनाउने,
ग) एम्नेस्टी नेपालको गतिविधि तथा कार्यक्रमहरूलाई प्रभावकारी बनाउन रचनात्मक सहयोग गर्ने,
घ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

### १०.५. नेसनल बोर्डको बैठक

(१) नेसनल बोर्डको बैठक विशेष परिस्थितिमा बाहेक प्रत्येक तिन महिनामा एकपटक बस्ने छ ।
(२) नेसनल बोर्ड बैठकको गणपूरक सङ्ख्या (कोरम) ५१ प्रतिशत हुने छ ।
(३) नेसनल बोर्डको बैठकमा मतभेद भई दुबैतर्फ मत बराबर भएको खण्डमा अध्यक्षले निर्णायक मत दिने छन् ।
(४) नेसनल बोर्डको बैठक नबसेको समयमा गर्नुपर्ने आवश्यक कार्यहरू महासचिवले अध्यक्षको परामर्श र सहमतिमा कार्यान्वयन गर्न सक्ने छन् र त्यसलाई आगामी नेसनल बोर्ड बैठकमा आवश्यकताअनुसार पेस गरी अनुमोदन गराउनु पर्ने छ ।
(५) एम्नेस्टी नेपालका निर्देशक नेसनल बोर्ड बैठकमा सहभागी हुने छन् तर निजलाई मताधिकार भने हुने छैन ।
(६) राष्ट्रिय सचिवालयका अन्य कर्मचारीलाई पनि नेसनल बोर्ड बैठकमा आमन्त्रण गर्न सकिने छ तर बैठकमा उनीहरूको पनि मताधिकार हुने छैन ।

### १०.६. पदरिक्तता

देहायका मध्ये कुनै एक अवस्थाहरूमा नेसनल बोर्डको कुनै पदाधिकारीको पद रिक्त भएको मानिने छ :

(१) मृत्यु भएमा,
(२) अध्यक्षले नेसनल बोर्ड समक्ष र अन्य पदाधिकारीले अध्यक्षसमक्ष दिएको राजिनामा नेसनल बोर्डबाट स्वीकृत भएमा,
(३) संस्थाको कार्यादेश (Mandate) वा हितविपरीत कार्य गरेको भनी नेसनल बोर्डले निलम्बनलगायत निष्कासनसम्मका अन्य कारबाही गरी साधारणसभाबाट पदमुक्त गर्ने प्रस्ताव पारित भएमा,
(४) लगातार नेसनल बोर्डको तीन ओटा बैठकमा बिना सूचना अनुपस्थित भएमा,
स्पष्टीकरण : यो दफाको खण्ड (३) र (४) को अवस्थामा सम्बन्धित सदस्यलाई सफाइको मौकाबाट वञ्चित गरिने छैन ।
(५) कुनै समूह वा युथनेटवर्क खारेज भएको स्थितिमा सो समूह वा युथनेटवर्कका कुनै सदस्य नेसनल बोर्डको पदाधिकारी वा सदस्य रहेको भएमा निज स्वतः पदमुक्त हुने छन् ।
(६) सदस्यता नरहेमा वा सदस्यताको म्याद समाप्त भएमा ।

### १०.७. रिक्त पदको पूर्ति

(क) कुनै कारणवस नेसनल बोर्डको अध्यक्षको पद रिक्त भएमा बाँकी अवधिका लागि उपाध्यक्षले स्वतः अध्यक्ष पद सम्हाल्ने छन्
(ख) महासचिवको पद रिक्त भएमा उपमहासचिवले बाँकी अवधिका लागि स्वतः महासचिवको पद सम्हाल्ने छन् ।
(ग) उपाध्यक्ष, उपमहासचिव र कोषाध्यक्षको कुनै पद रिक्त भएको अवस्थामा नेसनल बोर्डले निर्वाचित नेसनल बोर्ड सदस्यहरूमध्येबाट वा एम्नेस्टीको सदस्यहरूमध्येबाट रिक्त पदमा बाँकी अवधिका लागि पदपूर्ती गर्ने छ ।
(घ) उल्लिखित बाहेक अन्य पदाधिकारीको पद रिक्त हुन आएमा नेसनल बोर्डले बाँकी अवधिका लागि एम्नेस्टीको सदस्यहरूमध्येबाट पदपूर्ति गर्ने छ ।

(ङ) रिक्त पदमा पूर्ती गर्दा, एक समूह/युथनेटवर्कबाट एक भन्दा बढी पदाधिकारी वा सदस्य नहुने कुराको सुनिश्चितता गरिने छ।

## ११. पुनरावेदन समिति

(१) साधारण सभाले नेसनल बोर्डको निर्वाचनसँगै एम्नेस्टी इन्टरनेसनल नेपालमा आबद्ध समूह वा युथनेटवर्कका सदस्यहरूमध्येबाट एक संयोजक र एक जना महिला सदस्यसहित दुई जना सदस्य रहेको कुल तीन सदस्यीय पुनरावेदन समितिको निर्वाचन गर्ने छ जसले समूह, युथनेटवर्क[40] विघटन तथा सदस्यता खारेजी एवं सदस्यता नविकरण नगर्ने नेसनल बोर्डको निर्णयसम्बन्धी विषयहरूउपर पुनरावेदन सुन्ने छ। पुनरावेदन समितिका संयोजक एवं सदस्यहरूको कार्यकाल नेसनल बोर्डसरह हुने छ।

(२) पुनरावेदन समितिको कार्यविधि समिति आफैँले निर्धारण गरेबमोजिम हुने छ।

(३) पुनरावेदन समितिले आफूलाई प्राप्त पुनरावेदनमा सामान्यतया तीन महिना भित्रमा निर्णय दिनेछ र यसको निर्णय अन्तिम हुनेछ।

(४) पुनरावेदन समितिले आवश्यकतानुसार विवादित विषयका सम्बन्धमा जाँचबुझ गर्ने, प्रमाण सङ्कलन गर्ने तथा सम्बद्ध व्यक्तिहरूसँग सोधपुछ गर्न सक्नेछ। समितिलाई सहयोग गर्नु सम्बद्ध व्यक्ति तथा पक्षहरूको कर्तव्य हुनेछ। समिति प्रतिको असहयोगलाई त्यस्ता व्यक्ति वा पक्षहरूविरुद्धको प्रमाणका रूपमा मान्न सकिने छ।

(५) यस समितिको संयोजक र सदस्य पदमा उम्मेदवारी दिनका लागि तोकिएबमोजिम[41] योग्यता पुगेको हुनु पर्ने छ।

## १२. राष्ट्रिय सचिवालय

एम्नेस्टी नेपालको दैनिक कार्य सञ्चालनका लागि एक राष्ट्रिय सचिवालय रहने छ। सचिवालयको सञ्चालनका लागि नेसनल बोर्डले एक जना निर्देशकको नियुक्ति गर्नेछ। निर्देशक नेसनल बोर्डप्रति उत्तरदायी हुनेछ र अन्य कर्मचारीहरूको नियुक्ति, व्यवस्थापन एवं कार्यसम्पादन मूल्याङ्कन[42] निजले गर्नेछ।

## १३. समूह, युथनेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्क

### १३.१. निर्माणाधिन समूहको गठन

नेपालको कुनै पनि स्थानमा रहेका न्यूनतम ५०[43] जना सदस्यहरूले एम्नेस्टी नेपालको निर्माणाधिन समूह गठन गर्न आवेदन दिएमा नेसनल बोर्डले स्वीकृति दिन सक्ने छ। निर्माणाधिन समूहको मान्यताका लागि -

(क) निर्माणाधिन समूहको आबद्धताअघि नै एम्नेस्टी इन्टरनेसनलको आधारभूत गतिविधि गर्नसक्ने आधारहरू नेसनल बोर्ड समक्ष प्रस्तुत गरेको हुनुपर्ने छ।

(ख) तोकिएबमोजिमको शुल्क भुक्तानी गर्नु पर्दछ।

(ग) तोकिएबमोजिमका अन्य प्रक्रियाहरू पुरा गरेको हुनुपर्ने छ।

### १३.२. समूहको आबद्धता

एम्नेस्टी नेपालका निर्माणाधिन समूहहरू नेसनल बोर्डको निर्णय र अन्तर्राष्ट्रिय सचिवालयको समर्थनमा एम्नेस्टीको समूहका रूपमा आबद्ध हुन सक्ने छन्। एम्नेस्टी नेपालमा आबद्ध समूहलाई समूह नम्बर प्रदान गरिने छ। यसरी समूहका रूपमा आबद्धता प्राप्त गर्न :

(क) तोकिए बमोजिमको शुल्क भुक्तानी गरेको हुनुपर्नेछ।

(ख) न्यूनतम ५० जना[44] सदस्य आबद्ध रहेको हुनुपर्ने छ।

(ग) न्यूनतम छ महिना निर्माणाधिन समूहको रूपमा कार्य गरिसकेको हुनुपर्ने छ।

---

40 छैठौं संशोधन २०७६ द्वारा थपिएको।

41 पाँचौं संशोधन २०७४ ले परिमार्जन गरेको। सोअघि "... राकास सदस्यसरहको ..." रहेको।

42 पाँचौं संशोधन २०७४ द्वारा थपिएको।

43 पाँचौं संशोधन २०७४ द्वारा संशोधित। सो अघि "... २५ ..." रहेको।

44 पाँचौं संशोधन २०७४ द्वारा संशोधित। सो अघि "... २५ ..." रहेको।

(घ) तोकिएको ढाँचामा समूहको विनियम समूह साधारणसभाबाट पारित गराई स्वीकृतिका लागि नेसनल बोर्डमा पेस गरिसकेको हुनुपर्ने छ ।
(ङ) तोकिएबमोजिमका अन्य प्रक्रियाहरू पुरा गरेको हुनुपर्ने छ ।
(च) समूहको मान्यता सम्बन्धमा नेसनल बोर्डले बढीमा दुई वर्ष भित्रमा निर्णय दिनुपर्ने छ ।

**१३.३. निर्माणाधीन युथनेटवर्क (Youth Network in Formation)**

नेपालको कुनै पनि स्थानमा रहेका न्यूनतम ५० जना १४ वर्षदेखि २५ वर्ष उमेर समूहका सदस्यहरूले एम्नेस्टी नेपालको निर्माणाधीन युथ नेटवर्क गठन गर्न आवेदन दिएमा नेसनल बोर्डले स्वीकृति दिन सक्ने छ । निर्माणाधीन युथ नेटवर्कको मान्यताका लागि -
(क) निर्माणाधीन युथ नेटवर्कको आबद्धताअघि नै एम्नेस्टी इन्टरनेसनलको आधारभूत गतिविधि गर्नसक्ने आधारहरू नेसनल बोर्ड समक्ष प्रस्तुत गरेको हुनुपर्ने छ ।
(ख) तोकिएबमोजिमको शुल्क भुक्तानी गर्नु पर्दछ ।
(ग) तोकिएबमोजिमका अन्य प्रक्रियाहरू पुरा गरेको हुनुपर्ने छ ।

**१३.४. युथ नेटवर्कको आबद्धता**

एम्नेस्टी नेपालका निर्माणाधीन युथ नेटवर्कहरू नेसनल बोर्डको निर्णय र अन्तर्राष्ट्रिय सचिवालयको समर्थनमा एम्नेस्टीको युथ नेटवर्कका रूपमा आबद्ध हुन सक्ने छन् । यसरी युथ नेटवर्कका रूपमा आबद्धता प्राप्त गर्न :
(क) तोकिए बमोजिमको शुल्क भुक्तानी गरेको हुनुपर्नेछ ।
(ख) न्यूनतम ५० जना सदस्य आबद्ध रहेको हुनुपर्ने छ ।
(ग) न्यूनतम छ महिना निर्माणाधीन युथ नेटवर्कको रूपमा कार्य गरिसकेको हुनुपर्ने छ ।
(घ) तोकिएको ढाँचामा युथ नेटवर्कको विनियम, युथ नेटवर्क साधारण सभाबाट पारित गराई स्वीकृतिका लागि नेसनल बोर्डमा पेस गरिसकेको हुनुपर्ने छ ।
(ङ) तोकिएबमोजिमका अन्य प्रक्रियाहरू पुरा गरेको हुनुपर्ने छ ।
(च) युथ नेटवर्कको मान्यता सम्बन्धमा नेसनल बोर्डले बढीमा दुई वर्ष भित्रमा निर्णय दिनुपर्ने छ ।

**१३.५. समूह, युथ नेटवर्क, निर्माणधिन समूह र निर्माणधिन युथनेटवर्क कार्यसमिति**

(क)समूह, युथ नेटवर्क, निर्माणधिन समूह र निर्माणाधीन युथनेटवर्कहरूले प्रत्येक वर्ष तोकिएबमोजिम साधारणसभा सम्पन्न गर्नु पर्नेछ र प्रत्येक दुई वर्षमा नयाँ कार्यसमिति चयन गर्नुपर्नेछ ।
(ख) समूह, युथ नेटवर्क, निर्माणधिन समूह र निर्माणधिन युथनेटवर्कहरूलेआफ्नो अनुकुलताअनुसार ७ देखि ११ सदस्यीय कार्यसमिति गठन गर्न सक्नेछन् । त्यस्तो कार्यसमितिसमूह, युथ नेटवर्क, निर्माणधिन समूह र निर्माणधिन युथनेटवर्कहरूको साधारणसभाबाट निर्वाचित गरिनेछ ।
(ग) कार्यसमितिमा कम्तीमा ३३ प्रतिशत महिला अनिवार्य हुनुपर्ने छ ।
(घ) समूह, युथ नेटवर्क, निर्माणधिन समूह र निर्माणधिन युथनेटवर्क कार्य समितिको पदावधि दुई वर्षको हुने छ ।

**१३.६. समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कका काम, कर्तव्य तथा अधिकारहरू**

(१) प्रत्येक समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कले ६-६ महिनामा आफ्नो सदस्यता, गतिविधिका विवरण, आर्थिक स्थिति र अन्य सम्बन्धित विषयहरूसम्बन्धी तोकिएबमोजिमको विवरण राष्ट्रिय सचिवालयलाई उपलब्ध गराउनुपर्ने छ ।
(२) समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कको कार्यसमितिको बैठक वर्षमा कम्तिमा चार पटक बस्नु पर्नेछ ।
(३) समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कको साधारणसभा प्रत्येक वर्ष बस्नुपर्ने छ ।
(४) समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कहरूले एम्नेस्टी नेपालको राष्ट्रिय रणनीतिक योजना तथा एम्नेस्टीको नीतिको परिधिभित्र रही वार्षिक न्यूनतम तिन ओटा सार्वजनिक कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

(५) समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कले आफ्नो नियमित लेखा राख्नुपर्ने छ ।

(६) आफ्ना क्रियाकलापहरू नियमित रूपमा सञ्चालन गर्नका लागि समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कले तोकिएको ढाँचाको विनियम तयार गर्नुपर्ने छ जुन नेसनल बोर्डबाट अनुमोदन भएपछि लागू हुने छ ।

(७) सदस्यता वृद्धि गर्नुपर्ने छ ।

(८) समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्क सञ्चालन र अभियानका लागि आवश्यक अर्थ सङ्कलन गर्नु पर्नेछ । अर्थसङ्कलन गर्दा एम्नेस्टीको आर्थिक एवं अर्थसङ्कलनसम्बन्धी नीति पालना गर्नु पर्नेछ ।

**१३.७.** समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कलाई कुनै अनुदान वा ऋण उपलब्ध गराउन र समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कले लिएको अनुदान वा ऋण भुक्तान गर्न नेसनल बोर्ड जिम्मेवार हुने छैन ।

**१३.८ समूह र युथ नेटवर्क विघठन :**

(क) एम्नेस्टीको समूह र युथनेटवर्कका रूपमा आबद्धताको मान्यता रहिरहनका लागि तोकिएबमोजिका आधार र प्रक्रिया पुरा नगरेका समूह र युथनेटवर्कहरूलाई प्रक्रिया पूरा गरी नेसनल बोर्डले समूह र युथनेटवर्क विघटनसम्बन्धी निर्णय गर्न सक्नेछ ।

(ख) आधार र प्रक्रिया पूरा गर्न नसकेको कुनै समूह वा समूहहरू र युथ नेटवर्क वा युथनेटवर्कहरूबाट मर्जरको लागि माग भै आएमा नेसनल बोर्डले तोकिएअनुसार स्वीकृती दिन सक्ने छ ।

१४. ✂ ✂ ✂ [45]

## भाग–५
## आर्थिक व्यवस्था

### १५. संस्थाको कोष

(१) एम्नेस्टी इन्टरनेसनल नेपालको नाममा देहायबमोजिम प्राप्त भएका सबै चल, अचल सम्पत्ति एम्नेस्टी नेपालको सम्पत्ति हुने छ ।

(क) सदस्य तथा समूह वा युथनेटवर्कहरूबाट प्राप्त हुने प्रवेश शुल्क, सदस्यता शुल्क, वार्षिक शुल्कहरू तथा अन्य सहयोगस्वरूप प्राप्त नगद तथा जिन्सी,

(ख) स्वदेशी तथा विदेशी व्यक्ति तथा निकायबाट प्राप्त सहयोग तथा अनुदान,

(ग) संस्थाबाट गरिएका विभिन्न प्रकाशनको बिक्रीबाट आर्जन भएको रकम र अन्य अर्थसङ्कलन क्रियाकलापहरूबाट प्राप्त रकम,[46]

(घ) बैङ्क तथा वित्तीय संस्थाहरूबाट लिइएको ऋण आदि ।

(ङ) अन्तर्राष्ट्रिय सचिवालय वा अन्य ए.आई. संरचना वा अन्य ए.आई. शाखाहरूबाट प्राप्त सहयोग, अनुदान, ऋण आदि ।

(२) एम्नेस्टी नेपालको सम्पूर्ण सम्पत्तिको हिसाबकिताब दुरुस्त राखिने छ ।

(३) एम्नेस्टी इन्टरनेसनल नेपालको नाममा स्वदेशी वा विदेशी सरकारबाट आर्थिक सहयोग स्वीकार हुने छैन तर मानवअधिकार शिक्षा कार्यक्रमहरूका लागि इन्टरनेसनल बोर्डले तोकेबमोजिम पूर्व स्वीकृति लिएर वा निश्चित सहयोग लिनका लागि एम्नेस्टी इन्टरनेसनल अन्तर्राष्ट्रिय सचिवालयलयले तोकेको अन्य प्रक्रिया पुरा गरी सरकारी आर्थिक सहयोग लिन सकिनेछ । . . .✂ [47]

---

45 सातौं संशोधन २०७८ द्वारा हटाइएको ।

46 पाँचौं संशोधन २०७४ द्वारा संशोधित । सोअघि "ग) प्रकाशनका ग्राहकहरूबाट सङ्कलित रकम, साहित्य र प्रकाशनको बिक्रीबाट प्राप्त रकमलगायत अन्य अर्थ सङ्कलन क्रियाकलापहरूबाट प्राप्त रकम," रहेको ।

47 पाँचौं संशोधन २०७४ द्वारा हटाइएको । सोअघि "सम्बन्धित अन्तर्राष्ट्रिय आर्थिक निर्देशनहरूको पालना सुनिश्चित गर्न सबै आर्थिक सहयोगहरू राकासबाट परिचालित हुने छ ।" रहेको ।

(४) एम्नेस्टी नेपालका सबै सम्पत्ति तथा श्रोतहरू यस विधानको भाग दुईमा उल्लिखित उद्देश्यहरू पूरा गर्नका लागि परिचालन गरिने छन्।

(५) विदेशस्थित संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिँदा यस संस्थाले समाज कल्याण परिषद्को स्वीकृति लिनेछ।

## १६. संस्थाको कोषको सञ्चालन प्रक्रिया

(१) एम्नेस्टी नेपालको नाममा प्राप्त हुने सबै नगद सम्पत्ति तोकिएको बैङ्क वा बैङ्कहरूमा तोकेबमोजिमको खाता खोली जम्मा गरी राखिने छ।

(२) एम्नेस्टी नेपाल शाखाको बैङ्क खाता अध्यक्ष, महासचिव, कोषाध्यक्ष र निर्देशकमध्ये कुनै दुईको हस्ताक्षरबाट सञ्चालन हुनेछ तर दुईमध्ये कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुनेछ।

## १७ लेखापरीक्षण

(१) हरेक आर्थिक वर्षको अन्त्यमा संस्थाको आय-व्यय तथा सम्पत्तिको विवरण साधारण सभाले तोकेबमोजिमको मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराई साधारणसभाबाट पारित गराइने छ।

(२) त्यसरी पारित गरिएको लेखापरीक्षण प्रतिवेदन वार्षिक रूपमा स्थानीय अधिकारी, समाज कल्याण परिषद् र एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयमा पेस गरिने छ।

# भाग–६
# विधान संशोधन

## १८. विधान संशोधन

(१) नेसनल बोर्डले आवश्यक सम्झेमा वा एम्नेस्टी नेपालको कुनै समूह वा युथनेटवर्कले आफ्नो निर्णयसाथ नेसनल बोर्डसमक्ष संशोधन प्रस्ताव पेस गरेमा नेसनल बोर्डले त्यस्तो विधान संशोधन प्रस्ताव साधारणसभामा पेस गर्न सक्नेछ।

(२) समूह वा युथनेटवर्कले पेस गर्ने विधान संशोधनसम्बन्धी प्रस्ताव समूह वा युथनेटवर्कको कार्यसमिति वा साधारणसभाबाट र नेसनल बोर्डले पेस गर्ने प्रस्ताव नेसनल बोर्डको बैठकबाट पारित भएको हुनु पर्नेछ।

(३) विधान संशोधनसम्बन्धी प्रस्ताव साधारणसभा हुनुभन्दा ३० दिन अगावै राष्ट्रिय सचिवालययमा दर्ता गराउनुपर्ने छ।

(४) यसरी दर्ता हुन आएको विधान संशोधनसम्बन्धी प्रस्ताव सचिवालयले साधारणसभा सुरु हुनुभन्दा २१ दिन अगावै सम्पूर्ण समूहहरूमा पठाउनुपर्ने छ।

(५) समूह वा युथनेटवर्कबाट आएको विधान संशोधनसम्बन्धी प्रस्तावमा नेसनल बोर्डले उपयुक्त देखेमा संशोधन प्रस्ताव पेस गर्न सक्ने छ।

(६) उल्लिखित विधान संशोधनसम्बन्धी वा सो प्रस्तावलाई संशोधन गर्नेसम्बन्धी दुवै प्रस्ताव साधारणसभामा छलफलमा ल्याइने छ।

(७) प्रस्तुत संशोधन प्रस्ताव साधारणसभामा उपस्थित मताधिकार प्राप्त प्रतिनिधिहरूको दुई तिहाई बहुमतबाट पारित भएमा विधान संशोधन हुने छ।

# भाग–७
# विविध

## १९. अविश्वासको प्रस्ताव

(१) देहायको अवस्थामा एम्नेस्टी नेपालको सम्पूर्ण समूह वा युथ नेटवर्क वा समर्थक सदस्यको २५ प्रतिशतले आफ्नो समूहहरूको कार्य समितिको निर्णयका साथ संयुक्त रूपमा नेसनल बोर्ड वा[48]

[48] पाँचौं संशोधन २०७४ द्वारा परिमार्जित। सोअघि "वा" रहेको।

पुनरावेदन समितिका पदाधिकारीविरुद्ध एम्नेस्टी नेपालको सचिवालयमा अविश्वासको प्रस्ताव दर्ता गराउन सक्नेछन् ।

(क) संस्थाको कार्यादेश विपरीत काम गरेमा ।

(ख) संस्थाको हितविपरीतको कार्य गरेमा ।

सचिवालयले त्यस्तो प्रस्ताव दर्ता भएको ४५ दिनभित्रमा साधारण सभाको आकस्मिक बैठक बोलाई अविश्वासको प्रस्तावउपर छलफल गराउनु पर्ने छ । यदि ९० दिनभित्र साधारण सभा आह्वान गरिएको भएमा सोही नियमित बैठकमा यस्तो प्रस्ताव पेस गरिने छ । नेसनल बोर्डउपरको अविश्वास प्रस्तावमा सभाको अध्यक्षता साधारणसभाले तोकेको व्यक्तिले गर्ने छ ।

(२) यसरी अविश्वासको प्रस्तावउपर छलफल हुँदा सफाइको मौकाबाट वञ्चित गरिने छैन ।

(३) साधारण सभाको आकस्मिक बैठकमा उपस्थित मताधिकार प्राप्त सदस्यहरूको दुई तिहाई बहुमतबाट अविश्वासको प्रस्ताव पारित भएको खण्डमा नेसनल बोर्ड वा पुनरावेदन समिति भङ्ग हुने छ र सोही सभाबाट नयाँ नेसनल बोर्ड वा पुनरावेदन समितिको निर्वाचन गरिने छ ।

(४) अविश्वासको प्रस्ताव वर्षमा एकपटक भन्दा बढी ल्याउन सकिने छैन ।

२०. यस विधानमा जुनसुकै कुरा लेखिएको भए तापनि एम्नेस्टी इन्टरनेसनलको ग्लोबल असेम्ब्ली[49], इन्टरनेसनल बोर्ड तथा अन्तर्राष्ट्रिय सचिवालयबाट भएका निर्णय, निर्देशन तथा एम्नेस्टी इन्टरनेसनलको विधान र प्रचलित नेपाल कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुने छ ।

## २१. संस्थाको विघटन :

(१) एम्नेस्टी नेपालको विघटनको सिफारिस एम्नेस्टी नेपाल साधारण सभा सदस्यहरूको दुई तिहाई बहुमतले मात्र गर्न सक्ने छ । . . .✂[50]

(२) एम्नेस्टी नेपालको विघटनसम्बन्धी अन्तिम निर्णय इन्टरनेसनल बोर्डबाट हुने छ ।

(३) विघटनपश्चात् एम्नेस्टी नेपालको ऋण तथा दायित्वहरू फछ्र्यौट गरी बाँकी रहेको सम्पत्ति इन्टरनेसनल बोर्डको सहमतिमा नेपाल सरकारको हुनेछ ।

## २२. विधानको व्याख्या

यस विधानलाई व्याख्या गर्ने अधिकार नेसनल बोर्डसँग रहने छ । व्याख्यामा गम्भीर मतभेद उत्पन्न भएमा अन्तिम व्याख्या गर्ने अधिकार भने क्रमशः साधारणसभा र अन्तर्राष्ट्रिय सचिवालयमा निहित रहने छ ।

## २३. खारेजी तथा बचाऊ

यो विधान लागू हुनुअघि भए गरेका कार्यहरू यसै विधानअनुरूप भएको मानिने छ ।

[49] पाँचौं संशोधन २०७४ द्वारा परिमार्जित ।

[50] पाँचौं संशोधन २०७४ द्वारा हटाइएको । हटाउनुअघि "यस्तो सिफारिस अन्तर्राष्ट्रिय कार्य समितिले अनुमोदन गरेपछि मात्र लागू हुनेछ ।" रहेको ।

# एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको

## साधारणसभा नियमावली २०६२ (सन् २००५)[51*]

**प्रस्तावना**

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारणसभा व्यवस्थित र नियमित रुपमा सञ्चालन गर्नका लागि एम्नेस्टी नेपालको विधान अनुरूप **नेसनल बोर्डले** यो नियमावली बनाई लागू गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस नियमावलीको नाम "एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारणसभा नियमावली २०६२ (२००५) को पाँचौं संशोधन २०७८ (सन् २०२१) रहनेछ।

(ख) यो नियमावली साधारणसभाबाट अनुमोदन भएपछि तुरुन्त लागू हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा

(क) "एम्नेस्टी नेपाल" भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखालाई जनाउनेछ।

(ख) "विधान" भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधानलाई जनाउनेछ।

(ग) "समूह, युथ नेटवर्क, निर्माणाधिन समूह, र निर्माणाधिन युथ नेटवर्क" भन्नाले एम्नेस्टी नेपाल शाखाको विधानबमोजिम आबद्धता प्राप्त गरेका समूह, युथ नेटवर्क, निर्माणाधिन समूह, र निर्माणाधिन युथ नेटवर्कलाई बुझाउनेछ।

(घ) "साधारणसभा" भन्नाले एम्नेस्टी नेपाल शाखाको वार्षिक साधारणसभालाई जनाउनेछ।

(ङ) "नेसनल बोर्ड " भन्नाले साधारणसभबाटबाट निर्वाचित एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (२००१) को सातौं संशोधन २०२१ को भाग ४ दफा १०.१ (क) बमोजिमको नेसनल बोर्डलाई जनाउनेछ।

(च) "नेसनल बोर्ड पदाधिकारी" भन्नाले नेसनल बोर्डका अध्यक्षदेखि सदस्यसम्मलाई जनाउनेछ।

(छ) "अध्यक्ष" भन्नाले नेसनल बोर्डका अध्यक्ष वा निजको अनुपस्थितिमा निजको कार्य सम्पादन गर्ने व्यक्तिलाई बुझाउनेछ।

(ज) "पर्यवेक्षक" भन्नाले एम्नेस्टी नेपालमा आबद्ध निर्माणाधीन समूह, निर्माणाधिन युथ नेटवर्क र नेसनल बोर्डबाट तोकिएका साधारण सभामा प्रतिनिधित्व गर्ने व्यक्तिहरूलाई बुझाउनेछ।

(झ) "प्रतिनिधि" भन्नाले एम्नेस्टी नेपालमा आबद्धताको मान्यता प्राप्त गरेका समूह र युथ नेटवर्कका कम्तिमा एकजना महिलासहितका दुई/दुई जना प्रतिनिधि र समथर्क सदस्यहरूको प्रतिनिधित्व गर्ने कम्तिमा एकजना महिलासहितका दुईजना प्रतिनिधिहरूलाई जनाउने छ जसले एम्नेस्टी नेपालको साधारण सभामा मताधिकारको प्रयोग गर्ने छन्।

(ञ) "निर्वाचन अधिकृत" भन्नाले नेसनल बोर्ड र पुनरावेदन समितिको निर्वाचनका लागि नियुक्त निर्वाचन अधिकृतलाई बुझाउनेछ।

(ट) "कर्मचारी" भन्नाले एम्नेस्टी नेपालको राष्ट्रिय सचिवालयमा करारमा कार्यरत निर्देशक समेतका कर्मचारीहरूलाई बुझाउनेछ।

(ठ) "नोमिनेशन कमिटी" भन्नाले नेसनल बोर्ड तथा पुनरावेदन समितिको निर्वाचनमा उम्मेदवारी दिने व्यक्तिको क्षमता तथा दक्षता मूल्याङ्कन गर्न नेसनल बोर्डले गठन गरेको एक कमिटिलाई बुझाउने छ।

---

51* *१८ औं, १९औं, २५औं, २६औ र २९ औं वार्षिक साधारणसभाले गरेको संशोधन समाविष्ट।*

*२. (ठ)* नोमिनेशन कमिटिको प्रावधान नभएकाले मिलाउन। थप गरिएको।

# परिच्छेद–२
# साधारणसभा

## ३. साधारणसभा र गणपूरक संख्याः

३.१ साधारणसभा

हरेक वर्ष आयोजना गरिने साधारण सभा एम्नेस्टी इन्टरनेसनल नेपालको नीतिगत निर्णय गर्ने सर्वोच्च निकाय हुनेछ । साधारण सभाले प्रत्येक दुई वर्षको अन्तरालमा नेसनल बोर्ड र पुनरावेदन समितिको नियमित निर्वाचन गर्नेछ । साथै साधारण सभाले विधान संशोधन गर्ने, नीतिगत निर्णयहरू गर्ने, वार्षिक कार्ययोजना अनुमोदन गर्ने तथा संस्था विघटनको सिफारिस गर्नेसम्बन्धी निर्णयहरू पनि गर्नेछ ।

३.२ गणपूरक संख्या

साधारणसभाको गणपूरक संख्या ६७ प्रतिशत (दुई तिहाई) हुनेछ ।

## ४. (१) साधारण सभाको गठनः

प्रत्येक वर्ष हुने एम्नेस्टी नेपालको साधारण सभामा निम्नबमोजिमको सहभागिता रहनेछ :

(क) नेसनल बोर्डका पदाधिकारीहरू,
(ख) पुनरावेदन समितिका पदाधिकारीहरू,
(ग) मान्यता प्राप्त समूहबाट कम्तिमा एक जना महिलासहित दुई जना प्रतिनिधि,
(घ) मान्यता प्राप्त युथ नेटवर्कबाट कम्तिमा एक जना महिलासहित दुई जना प्रतिनिधि
(ङ) समर्थक सदस्यहरूमध्येबाट कम्तिमा एक जना महिलासहित दुई जना प्रतिनिधि
(च) निमार्णाधिन समूहबाट  कम्तिमा एक जना महिलासहित दुई जना पर्यवेक्षक
(छ) निमार्णाधिन युथ नेटवर्कबाट  कम्तिमा एक जना महिलासहित दुई जना पर्यवेक्षक
(ज) नेसनल बोर्डबाट मनोनित पर्यवेक्षकहरू,
(झ) राष्ट्रिय सचिवालयका कर्मचारीहरू,
(ञ) अन्तर्राष्ट्रिय सचिवालय/बोर्डका अतिथि पर्यवेक्षकहरू
(ट) एम्नेस्टी इन्टरनेसनलका अन्य शाखाका अतिथि पर्यवेक्षकहरू

(२) मताधिकार :
एम्नेस्टी नेपालमा आबद्धताको मान्यता प्राप्त समूह र युथ नेटवर्कका दुई/दुई जना प्रतिनिधि र समथर्क सदस्यहरूको तर्फबाट सहभागी दुई जना प्रतिनिधिहरूमा मताधिकार रहनेछ ।

५. . . . ✂[52]

६. एम्नेस्टी नेपाल शाखाको वार्षिक साधारणसभा हुनुभन्दा दुई महिना अघिसम्म आफ्नो वार्षिक साधारणसभा सम्पन्न नगर्ने समूह वा निर्माणाधीन समूह र युथ नेटवर्क वा निर्माणाधीन युथ नेटवर्कबाट साधारणसभामा प्रतिनिधित्व हुने छैन ।

७. साधारणसभामा सहभागी सदस्यहरूमध्ये एम्नेस्टी नेपालमा आबद्धताको मान्यता प्राप्त गरेका समूह र युथनेटवर्कका दुई/दुई जना प्रतिनिधि र समथर्क सदस्यहरूको तर्फबाट सहभागी दुई जना प्रतिनिधिहरूमा मताधिकार हुनेछ । निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कबाट सहभागी पर्यवेक्षकहरूले भने साधारण सभाका अजेण्डामा आफ्नो प्रश्न राख्न र छलफलमा सहभागी हुन मात्र पाउनेछन् ।

८. . . . ✂[53]

52 पाँचौ संशोधन २०७८ द्वारा हटाइएको ।
53 पाँचौ संशोधन २०७८ द्वारा हटाइएको ।

**९. विशेष साधारणसभा :**

एम्नेस्टी नेपालअन्तर्गतका समूहहरूमध्ये २५ प्रतिशत समूह तथा युथनेटवर्कहरूद्वारा कार्यसमितिको निर्णयसहित विशेष कारण देखाई विशेष साधारणसभाको माग गरी अनुरोध प्राप्त भएमा नेसनल बोर्डले त्यस्तो अनुरोध प्राप्त भएको ४५ दिनभित्र विशेष साधारणसभा बोलाउने छ ।

(क) विशेष साधारणसभा जुन कार्यका लागि माग भएको हो सोही विषयमा मात्र छलफल गरी निर्णय लिइनेछ ।

(ख) विशेष साधारणसभाको गठन विधानको दफा ९.५ बमोजिम हुने छ ।

(ग) विशेष साधारणसभा माग भएको ९० दिनभित्र नियमित वार्षिक साधारणसभा बस्ने भए त्यस्तो विशेष साधारणसभा बोलाउन नेसनल बोर्ड बाध्य हुने छैन तर विशेष साधारणसभामा पेस गर्ने भनिएका प्रस्ताव नियमित साधारणसभामा प्रस्तुत गर्नु पर्ने छ ।

## परिच्छेद–३

## साधारणसभाको संचालन

### १०. साधारणसभाको बैठक :

(क) एम्नेस्टी नेपालको साधारणसभा हरेक वर्ष नेसनल बोर्डले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

(ख) साधारणसभा हुने मिति र स्थानको जानकारी प्रत्येक समूह तथा निर्माणाधीन समूहलाई ४५ दिन अगावै दिनुपर्नेछ ।

(ग) कुनै पनि समूह, निर्माणाधीन समूह, युथ नेटवर्क वा निर्माणाधीन युथनेटवर्कले साधारणसभामा भाग लिन तोकिएबमोजिमको शुल्क भुक्तानी गरी नवीकरण गरेको हुनु पर्नेछ ।

(घ)साधारणसभाका प्रतिनिधि तथा पर्यवेक्षकहरूको नाम सभा हुनुभन्दा कम्तिमा १५ दिन पूर्व एम्नेस्टी नेपाल राष्ट्रिय सचिवालयमा विधिवत दर्ता भइसकेको हुनुपर्नेछ र कम्तिमा १५ दिन अगावै त्यस्ता प्रतिनिधि तथा पर्यवेक्षकहरूले एम्नेस्टी नेपालको सदस्यता ग्रहण वा नवीकरण गरेको हुनुपर्नेछ ।

तर पहिला दर्ता गराइएको नाम अनुरूपको व्यक्ति उपस्थित हुन नसकेमा उचित कारण खोली समूह/युथनेटवर्कले निवेदन दिएमा नेसनल बोर्ड अध्यक्ष वा निजले तोकेको नेसनल बोर्ड पदाधिकारीको सिफारिशमा सभामा भाग लिन पाउन सक्नेछ ।

### ११. साधारण सभाको अध्यक्षता र सभा सञ्चालन

(क) साधारणसभाको अध्यक्षता नेसनल बोर्डले तोकेको व्यक्तिले गर्नेछन् ।

(ख) साधारणसभा सञ्चालन र आदेश (Order) का लागि अध्यक्षता गर्ने व्यक्ति जिम्मेदार हुनेछन् ।

(ग) साधारणसभाको प्रतिवेदन तयार गर्न अध्यक्षले ३ जनासम्म प्रतिवेदक (Rapporteurs) नियुक्त गर्नेछन् ।

(घ) बैठकका निर्णयहरू तथा अल्पमतको भावनालाई समेत समेट्ने गरी छलफलमा प्रतिविम्वित भावना तथा छलफलको सन्तुलित निचोडसमेतलाई समेटी प्रतिवेदन तयार गर्नु प्रतिवेदकहरूको कर्तव्य हुनेछ ।

(ङ.) नेसनल बोर्डको सिफारिसमा साधारण सभाले दुई जना गणक (Tellers) नियुक्त गर्नेछ ।

(च) गणकको काम साधारणसभामा मतदान हुँदा अध्यक्षलाई र निर्वाचन हुँदा निर्वाचन अधिकृतलाई आवश्यकताअनुसार सहयोग पुऱ्याउनु हुनेछ ।

(छ) बैठक सुचारु रूपले सञ्चालन गर्न अध्यक्षले कसैलाई पनि बोल्नबाट रोक लगाउन उपयुक्त सम्झेमा रोक लगाउन सक्नेछन् ।

(ज) बैठकको अवधिमा अध्यक्षले आवश्यक परेको खण्डमा यो नियमावलीको व्याख्याबारे र बैठक सञ्चालन विधिसम्बन्धी विवादित प्रश्नहरूको सम्बन्धमा फैसला (Ruling) गर्न सक्नेछन् ।

(झ) अध्यक्षको फैसलाका सम्बन्धमा कुनै विवाद उत्पन्न भए उक्त फैसलालाई तत्काल निर्णयका लागि बैठक समक्ष प्रस्तुत गरिनेछ र बैठकको निर्णय अनुसार नै हुनेछ ।

(ञ) अध्यक्षले कुनै पनि समय साधारणसभाको चालू सत्र निश्चित समयको लागि स्थगन गर्न सक्नेछन् ।

(ट) अध्यक्षले कुनै पनि समयमा वक्ताहरूको समयावधि सिमित गर्न सक्नेछन् । अध्यक्षले बैठक समक्ष बोल्न चाहने सहभागीहरूको नाम बोल्न शुरु गर्नु अघि नै सूचिकृत गर्नेछन् र अन्य वक्ताहरूको सूची बन्द गर्न शिफारिस गर्न सक्नेछन् । तर यो व्यवस्थाले कुनै पनि सहभागीको प्रतिवेदन प्रस्तुत गर्ने वा प्रस्ताव पेश गर्ने अधिकारलाई खण्डित गर्नेछै

(ठ) अध्यक्षले कुनै पनि समय छलफलका विषयहरू (Agenda) को कुनै खास विषयमा समयावधि सिमित गर्ने वा समयावधि समाप्त भएको घोषणा गरी विषयलाई मत (Vote) का लागि लैजान वा छलफल बन्द गर्ने प्रस्ताव गर्न सक्नेछन् ।

## परिच्छेद–४
## छलफलका विषयहरू

### १२. छलफलका विषयहरू (Agenda)

(क) साधारणसभामा छलफलका लागि कुनै पनि विषय समावेश गर्नको लागि नेसनल बोर्ड वा समूह वा युथ नेटवर्क र समथर्क सदस्यहरूबाट मात्र प्रस्ताव प्रस्तुत गर्न सकिनेछ ।

(ख) नेसनल बोर्डका महासचिव र निर्देशकले अध्यक्षसँग परामर्श गरी साधारणसभामा छलफल हुने विषयहरू (Agenda) तयार गरी साधारणसभा शुरु हुनु १५ दिन अगावै समूह, युथ नेटवर्क, निर्माणाधिन समूह, निर्माणाधिन युथ नेटवर्क र समथर्क सदस्यहरूमा पठाउनु पर्नेछ, जसलाई साधारणसभामा पेश गरिनु अगावै नेसनल बोर्डको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(ग) समूह र युथ नेटवर्कका तर्फबाट प्रस्तुत हुने कुनै पनि प्रस्ताव समूह र युथनेटवर्कको कार्यसमितिको निर्णयको प्रतिलिपिका साथ विशेष प्रस्तावका रूपमा साधारणसभा शुरु हुनु २१ दिन अगावै राष्ट्रिय सचिवालयमा दर्ता गराउनु पर्नेछ ।

(घ) उल्लिखित प्रस्तावहरू साधारणसभाको प्रथम सत्रमै स्वीकृतिका लागि प्रस्तुत गरिनेछ र बैठकको स्वीकृति पश्चात् मात्र ती विषयहरू साधारणसभाको छलफलको विषयमा समावेश भएको मानिनेछ ।

(ङ) साधारणसभाबाट स्वीकृत भएमा बाहेक अन्य कुनै पनि विषयका सम्बन्धमा बैठकमा छलफल गरिनेछैन ।

(च) माथि जुनसुकै कुरा उल्लेख गरिएको भएपनि अत्यन्त जरूरी विषयका सम्बन्धमा बैठकमा छलफल हुन आवश्यक देखिएमा त्यस्तो विषयमा जरूरी प्रस्ताव (Emergency Resolution) का रूपमा साधारणसभा प्रारम्भ हुनुभन्दा १२ घण्टा पहिले नेसनल बोर्डले सचिवालयमा दर्ता गर्न सक्नेछ ।

(छ) उल्लिखित १२ घण्टाको समय भन्दा पछि दर्ता हुन आएको कुनै पनि प्रस्तावलाई जरूरी प्रस्तावका रूपमा लिइनेछैन ।

(ज) माथि जुनसुकै कुरा उल्लेख गरिएको भए पनि एम्नेस्टीको कार्यसँग असम्बन्धित र संस्थाको मर्यादामा आँच आउने खालका कुनै पनि प्रस्तावलाई नेसनल बोर्डले साधारणसभाको छलफलको विषयको रूपमा समावेश गर्ने छैन ।

## परिच्छेद–५
## योजना तथा प्रतिवेदन प्रस्तुति

### १३. देहाय बमोजिमका प्रतिवेदनहरू देहाय बमोजिमका व्यक्तिहरूले तयार गरी प्रस्तुत गर्नु पर्नेछ :

(क) एम्नेस्टी नेपालको Operational Plan अन्तर्गत सञ्चालन भएका गतिविधिहरूको वार्षिक प्रतिवेदन निर्देशक वा निजको अनुपस्थितिमा निजको जिम्मेवारी सम्हालेका वा नेसनल बोर्डले तोकेको व्यक्ति ले प्रस्तुत गर्नेछन् । त्यस्तो प्रतिवेदनमा एम्नेस्टी नेपालले गत साल सम्पन्न गरेका र आगामी साल गर्ने लक्ष्य राखिएका विभिन्न कार्यक्रम समावेश हुनेछन् ।

(ख) एम्नेस्टी नेपालको आर्थिक प्रतिवेदन नेसनल बोर्डका कोषाध्यक्ष वा निजको अनुपस्थितिमा नेसनल बोर्डले तोकेको नेसनल बोर्डका पदाधिकारीबाट प्रस्तुत हुनेछ । त्यस्तो प्रतिवेदनमा गत सालको आम्दानी खर्च तथा चालु वर्षका लागि अनुमानित आय तथा खर्चको विवरण समावेश हुनुपर्नेछ ।

(ग) नेसनल बोर्डका नीतिगत निर्णयहरू सम्बन्धी गतिविधिहरूको प्रतिवेदन नेसनल बोर्डका महासचिव वा नीजको अनुपस्थितिमा उपमहासचिवले प्रस्तुत गर्नेछन् ।

(घ) एम्नेस्टी इन्टरनेसनलको एकीकृत रणनीतिक योजनामा आधारित भई नेसनल बोर्डले तयार गरेको National Strategic Plan नेसनल बोर्डद्वारा तोकिएको पदाधिकारीले प्रस्तुत गर्नेछ ।

## परिच्छेद–६
## प्रस्ताव माथिको छलफल र निर्णय

### १४. छलफलको प्रक्रियाः

(क) नेसनल बोर्डका तर्फबाट प्रस्तुत प्रस्ताव साधारणसभाका अध्यक्षको अनुमतिले तोकिएको नेसनल बोर्ड पदाधिकारीले बैठकमा प्रस्तुत गर्नेछन् ।

(ख) समूह/युथनेटवर्कका तर्फबाट प्रस्तुत प्रस्ताव सम्बन्धित समूह/युथनेटवर्कका प्रतिनिधिले पेश गर्नेछन्

तर त्यसरी समूह/युथनेटवर्कका तर्फबाट प्रस्ताव प्रस्तुत गर्दा प्रस्तुतकर्ताले समूह/युथनेटवर्कबाट निर्णय भई आएको लिखित विवरण मात्र प्रस्तुत गर्नु पर्नेछ ।

(ग) त्यसरी समूह/युथनेटवर्कबाट प्रस्तुत प्रस्तावमा साधारणसभाको कुनै सदस्यले संशोधन प्रस्ताव पेश गर्न चाहेमा एकजना सदस्यको समर्थन सहित संशोधन प्रस्ताव पेश गर्न सक्नेछन् ।

तर त्यस्तो संशोधन प्रस्तावले मूल प्रस्तावको मर्म विपरीत भएमा मान्यता दिइनेछैन ।

(घ) त्यसरी प्रस्तुत हुन आएको संशोधन प्रस्तावलाई मूल प्रस्ताव प्रस्तुतकर्ताले स्वीकार गरेमा सो संशोधित प्रस्तावलाई नै मूल प्रस्ताव मानिनेछ ।

तर संशोधित प्रस्तावलाई प्रस्ताव प्रस्तुतकर्ताले स्वीकार नगरेमा मूल प्रस्ताव र संशोधित प्रस्ताव दुवै साधारणसभामा निर्णयार्थ पेश गरिनेछ ।

(ङ) त्यस्तो मूल प्रस्ताव वा संशोधन प्रस्ताव प्रस्तुत गर्दा प्रस्तावकर्ताहरूलाई आ-आफ्नो प्रस्ताव वा संशोधनको औचित्य सिद्ध गर्नका लागि साधारणसभाका अध्यक्षले निश्चित समय तोकी मन्तव्य राख्ने मौका दिनेछन् । त्यसरी मन्तव्य राख्दा निजहरूले आफ्नो प्रस्ताव वा संशोधन फिर्ता लिन सक्नेछन् ।

### १५. निर्णयः

(क) साधारणसभामा विधान संशोधन र अन्य कुनै असाधारण विषयहरू (जस्तो एम्नेस्टी नेपाल भंग गर्ने) जस्ता गम्भीर विषय बाहेक अन्य सामान्य विषयका प्रस्तावहरूको निर्णय साधारणसभामा उपस्थित सदस्यहरूको सामान्य बहुमतबाट हुनेछ । कुनै प्रस्ताव असाधारण प्रकृतिको भए नभएको निर्णय गर्ने अन्तिम अधिकार नेसनल बोर्डको हुनेछ ।

(ख) प्रस्ताव उपर मतदान हुँदा प्रतिनिधिहरूले आ–आफ्नो परिचय पत्र (Voting card) देखाई मत दिनुपर्नेछ ।

(ग) प्रस्ताव उपर भएको मतदानको गणना बैठकको अध्यक्षले गर्नेछन् । यसका लागि उनले गणकको सहयोग लिन सक्नेछन् ।

(घ) मतदान हुँदा मत बराबर भएमा सभाको अध्यक्षको मत निर्णायक मानिनेछ ।

## परिच्छेद–७
## नियम पालनासम्बन्धी प्रश्न तथा सूचनाको माग

### १६. नियमपालन सम्बन्धी प्रश्न (Points of Order):

(क) साधारणसभामा कुनै पनि प्रस्ताव उपर छलफल हुँदा सहभागी प्रतिनिधिहरूले नियमपालनसम्बन्धी प्रश्न उठाउन सक्नेछन् ।

(ख) त्यस्तो नियमपालनसम्बन्धी प्रश्न सभाको सञ्चालन र छलफलको विषयसँग अनिवार्य रूपले सम्बन्धित हुनुपर्नेछ ।

तर मतदानका समयमा मतदान प्रक्रियासँग सम्बन्धित विषयमा बाहेक अन्य विषयमा नियम पालनसम्बन्धी प्रश्न उठाउन पाइनेछैन ।

(ग) निम्न विषयलाई प्रतिनिधिहरूले नियमपालनसम्बन्धी प्रश्नका रूपमा उठाउन सक्नेछन् ।

(अ) अध्यक्षलाई रूलिङ्ग (Ruling) गर्नका लागि अनुरोध ।
(आ) अध्यक्षको रूलिङ्ग (Ruling) माथि चुनौति दिने ।
तर यसका लागि अर्को प्रतिनिधिको समर्थन आवश्यक हुनेछ ।
(इ) कुनै प्रस्ताव उपर मतदान नगर्नका लागि ।
(ई) कुनै विषयवस्तुलाई नेसनल बोर्ड वा साधारणसभाको कुनै समितिमार्फत निरोपणका लागि पेश गर्नका लागि ।

(घ) माथि जुनसुकै कुरा उल्लेख गरिएको भए पनि कुनै विषयमा मतदान गर्ने, नगर्ने वा चाडै गर्ने सम्बन्धी विषयमा अन्तिम निर्णय गर्ने अधिकार अध्यक्षको हुनेछ, जसका सम्बन्धमा चुनौति गर्न सकिनेछैन ।

तर अध्यक्षले कुनै पनि विवादित विषयलाई अनिर्णित अवस्थामा भने राख्न सक्नेछैनन् ।

### १७. सूचनाको माग (Points of information)

सभाका कुनै पनि सहभागीले अध्यक्ष वा वक्ता समक्ष सम्बन्धित विषयमा सूचनाको आग्रह गर्न सक्नेछ । तर त्यस्तो आग्रहले कुनै पनि तर्क प्रस्तुत गरेको मानिनेछैन ।

## परिच्छेद–८
## मताधिकार र निर्वाचन

### १८ मताधिकारः

(क) एम्नेस्टी नेपालको वार्षिक साधारणसभाका प्रतिनिधिहरूलाई मात्र निर्वाचनमा मताधिकार रहनेछ ।

(ख) मताधिकार प्राप्त प्रतिनिधिहरूलाई प्रतिनिधि परिचयपत्र (voting card) उपलब्ध गराइनेछ ।

(ग) प्रतिनिधिहरूलाई उपलब्ध गराइने भोटिंग कार्ड (voting card) मा क्रमसंख्या, साधारणसभा सदस्य दर्ता पुस्तिकाको दर्ता नम्बर र प्रतिनिधिको नाम, फोटो राखी प्रतिनिधि र अध्यक्षको सही समेत गराई उपलब्ध गराइनेछ ।

(घ) कुनै प्रतिनिधिले परिचयपत्र हराएमा दर्ता पुस्तिकाका आधारमा अध्यक्षले परिचय पत्रको प्रतिलिपि उपलब्ध गराउन सक्नेछन् ।

तर निर्वाचनमा मतदानको कार्य प्रारम्भ भइसकेको अवस्थामा भने परिचय पत्रको प्रतिलिपि उपलब्ध गराउने अधिकार निर्वाचन अधिकृतलाई मात्र हुनेछ ।

(ङ) कुनै प्रतिनिधिले आफ्नो परिचयपत्र अरू कसैलाई उपलब्ध गराई अधिकारको दुरूपयोग गरेको पाइएमा साधारणसभामा निजको प्रतिनिधिको हैसियत समाप्त हुनेछ । यसरी प्रतिनिधिको हैसियत समाप्त भएको घोषणा गर्ने अधिकार निर्वाचनका समयमा निर्वाचन अधिकृतको र अन्य अवस्थामा साधारणसभाका अध्यक्षको हुनेछ ।

यसरी प्रतिनिधिको हैसियत समाप्त भएको ठहर गर्नु अघि निजलाई सफाइको मौकाबाट भने बन्चित गरिने छैन ।

## १९. नेसनल बोर्ड को निर्वाचन

(क) एम्नेस्टी नेपाल नेसनल बोर्ड एवं पुनरावेदन समितिको नियमित निर्वाचन साधारण सभाबाट गरिनेछ । कुनै पद रिक्त भई पदपूर्ति गर्नु पर्ने अवस्थामा वा अविश्वासको प्रस्ताव पारित भई नेसनल बोर्ड वा पुनरावेदन समिति विघटन भई नयाँ समिति गठन गर्नु पर्ने अवस्थामा आकस्मिक साधारण सभा वा विशेष साधारण सभाबाट पनि नेसनल बोर्ड वा पुनरावेदन समितिको निर्वाचन गर्न सकिनेछ ।

(ख) नेसनल बोर्ड वा पुनरावेदनसमितिको निर्वाचन एम्नेस्टी नेपालको विधान बमोजिम प्रजातान्त्रिक प्रक्रियाका आधारमा एक व्यक्ति एक मत अनुरूप गोप्य मतदान प्रक्रियाबाट हुनेछ ।

(ग) नेसनल बोर्ड र पुनरावेदन समितिको निर्वाचनका लागि नेसनल बोर्ड ले साधारण सभा बैठक हुनु भन्दा ४५ दिन अगाडि एक निर्वाचन अधिकृत नियुक्त गर्नेछ ।

(घ) निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य निर्वाचन अधिकृतले गणकहरूको सहयोगमा पूरा गर्नेछन् ।

(ङ) साधारण सभाबाट निम्नानुसारका नेसनल बोर्डका पदाधिकारिहरूको निर्वाचन हुने छ ।

(क) अध्यक्ष १ जना

(ख) कोषाध्यक्ष १ जना

(ग) सदस्यहरू ९ जना (कम्तिमा तीन जना महिला र दुई जना युवा सदस्य जसमा एकजना अनिवार्य महिला) ।

**नोटः** यस उपखण्डको प्रयोजनका लागि मतदानको अधिकार एम्नेस्टी नेपालमा आबद्धताको मान्यता प्राप्त समूह, युथ नेटवर्क र समथर्क सदस्यहरूको तर्फबाट सहभागी दुई/दुई जना प्रतिनिधिहरूलाई रहनेछ ।

(च) कुनै पदमा उम्मेदवार हुन चाहने विधानबमोजिम योग्यता पुगेका समूह र युथ नेटवर्क सदस्यले आफ्नो समूह वा युथनेटवर्कबाट सो पदमा उम्मेदवार हुनको लागि सिफारिस प्राप्त गर्नुका साथै साधारणसभाको प्रतिनिधि वा नेसनल बोर्ड वा पुनरावेदन समितिको पदाधिकारी रहेको हुनु पर्नेछ । एउटा समूह वा युथनेटवर्कले नेसनल बोर्डका ११ पदमध्ये कुनै एक पदमा र पुनरावेदन समितिको तीनमध्ये कुनै एक पदमा मात्र उम्मेदवारी दिन सक्नेछ ।

स्पष्टीकरण : आफ्नो समूह वा युथ नेटवर्क भन्नाले कुनै व्यक्तिको मनोनयन हुँदाको अवस्थामा सो समूह वा युथनेटवर्कको सदस्य रहेको व्यक्ति हुनु पर्नेछ । साथै तोकिए बमोजिमको रित पूरा गरी नोमिनेसन कमिटीले सिफारिस गरेको व्यक्तिले पनि उम्मेदवारी दिन सक्नेछ । [54]

(छ) राष्ट्रिय सचिवालयका कर्मचारी, निर्माणाधिन समूहका पर्यवेक्षक, निर्माणाधीन युथनेटवर्कका पर्यवेक्षक र नेसनल बोर्डबाट मनोनित पर्यवेक्षकहरूलाई उम्मेदवारी दिने अधिकार हुनेछैन ।

(ज) नेसनल बोर्डद्वारा गठित तीन सदस्यीय नोमिनेसन कमिटीले साधारणसभा प्रारम्भ हुनुभन्दा तीन महिना अगाडिबाट आफ्नो काम थाल्नेछ । एम्नेस्टी नेपालको नेसनल बोर्ड र पुनरावेदन समितिमा उम्मेदवार बन्न चाहने समूह तथा युथनेटवर्कका सदस्य र अन्य सदस्यहरूले उक्त कमिटीसमक्ष तोकिएको प्रावधान पूरा गरी आफ्नो चाहना पत्र पेश गर्नुपर्नेछ । कमिटीले काम थालेको डेढ महिना भित्र त्यसरी आएका चाहनापत्रका बारेमा आफ्नो सिफारिश निर्वाचन समितिलाई पेश गर्नेछ । समूह र युथनेटवर्कमार्फत् सदस्य बनेकाहरूले चाहना पत्रमा समूह र युथनेटवर्क सिफारिस अनिवार्य राख्नुपर्नेछ । समर्थक सदस्यहरूको क्लस्टरबाट इच्छापत्र जाहेर गर्नेले रितपूर्वक फारम भरी सचिवालयमा दर्ता गराई नोमिनेसन कमिटिद्वारा तोकिएको छानबिन (vetting) प्रकृया पार गरेको हुनुपर्नेछ । तोकिएको समयभित्र राष्ट्रिय सचिवालयमा उम्मेदवार वा समूह/युथनेटवर्कका प्रतिनिधि उपस्थित भई, हुलाकमार्फत्, फ्याक्स वा इमेलको माध्यामबाट विधिवत दर्ता गराउनुपर्नेछ । रीतपूर्वक नभरिएको वा तोकिएको समय भन्दा पछि प्राप्त भएका मनोनयन पत्रहरूले मान्यता पाउने छैनन् ।

54 २६औं वार्षिक साधारणसभाद्वारा थप गरिएको ।

(झ) उम्मेदवारी मनोनयन पत्रकासाथ तोकिएको ढाँचामा उम्मेदवारको एक पेजको व्यक्तिगत विवरण (Curriculum vitae) र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ । त्यसरी सचिवालयमा दर्ता भएको उम्मेदवारहरूको मनोनयनको जानकारी उम्मेदवारको व्यक्तिगत विवरणका साथ सचिवालयले साधारणसभा भन्दा १५ दिन अगावै सबै समूह/युथनेटवर्क वा निर्माणाधिन समूह/युथनेटवर्कहरूमा पठाउनु पर्नेछ ।

(ञ) निर्वाचन प्रयोजनका लागि साधारणसभा आयोजनास्थलमै निर्वाचन अधिकृतको कार्यालय रहनेछ ।

(ट) निर्वाचन अधिकृतले राष्ट्रिय सचिवालयका कर्मचारी तथा गणकहरूको सहायता लिई मतदाता तथा उम्मेदवारको नामावली प्रकाशन गर्नुका साथै नाम फिर्ता, दावी विरोध, अन्तिम नामावली प्रकाशन लगायत मतदान सम्बन्धी कार्यक्रम प्रकाशित गरी सोही कार्यक्रम अनुसार यो नियमावलीको अधीनमा रही निर्वाचन सम्पन्न गर्नेछन् .

(ठ) राष्ट्रिय सचिवालयका कर्मचारीहरूले निर्वाचन अधिकृतको काममा सहयोग गर्नेछन् र निर्वाचनको विषयमा निष्पक्ष रहनेछन् ।

(ड) प्रत्येक पदका उम्मेदवारलाई साधारणसभाको प्रारम्भिक सत्रमा बढीमा ५ मिनेटका दरले मन्तव्य व्यक्त गर्ने अवसर दिइनेछ । यस्तो मन्तव्य प्रकट गर्दा कसैप्रति लाञ्छना लगाउन, संस्था प्रति अनास्था प्रकट गर्ने वक्तव्य दिन तथा झुठा आश्वासन दिन पाइने छैन ।

(ढ) निर्वाचनमा प्रत्येक पदका लागि अलग अलग मत पत्र (ballot paper) राखिनेछ र प्रत्येक मताधिकार प्राप्त प्रतिनिधिहरूलाई पतिनिधि परिचयपत्रका आधारमा मतपत्र उपलब्ध गराइनेछ ।

(ण) मतदान वा मतगणनाका समयमा निगरानी गर्नको लागि उम्मेदवारहरूले आफैं बस्न वा प्रतिनिधि नियुक्त गर्न सक्नेछन् ।

(त) मतपत्रमा नेपाली वर्णानुक्रम अनुसार उम्मेदवारहरूको नाम अंकित हुनेछ ।

(थ) मतदाताले मतदान गर्दा उम्मेदवारको नाम अगाडी दिइको कोष्ठमा [√] चिन्ह लगाई मतदान गर्नुपर्नेछ ।

(द) मतदान गर्दा तोकिएबमोजिमको पद तथा संख्यामा अनिवार्य मत प्रदान गर्नुपर्नेछ । निर्वाचित हुनुपर्ने भन्दा कम वा बढी उम्मेदवारलाई मतदान गरेमा त्यस्तो मतपत्र बदर हुनेछ ।

(ध) मतदानको कार्य सम्पन्न हुनासाथ उम्मेदवार वा निजको प्रतिनिधिको रोहवरमा निर्वाचन अधिकृतले आवश्यकताअनुसार अन्य कर्मचारी र गणकहरूको सहायता लिई मतगणना गर्नेछन् ।

(न) नेसनल बोर्डको अध्यक्ष र कोषाध्यक्षमा अधिकतम मत ल्याउने एक एक जना र सदस्यमा नौ जना ( न्यूनतम ३ जना महिला र दुई जना युथ नेटवर्कको प्रतिनिधित्व हुनेगरी उम्मेदवारी दिएका कम्तिमा दुई जना युवा बोर्ड सदस्य जसमा अनिवार्य एक जना महिला सदस्य) अधिकतम मत ल्याउने उम्मेदवारलाई निर्वाचित घोषित गरिनेछ । त्यसैगरी पुनरावेदन समितिको संयोजक, महिला सदस्य र सदस्य पदमा सर्वाधिक मत हासिल गर्ने एकएक जनालाई निर्वाचित घोषित गरिनेछ ।

(प) कुनै पदमा मत बराबरी भएमा मत बराबर हुने उम्मेदवारहरूका बीच गोला प्रथाद्वारा निर्णय लिइनेछ ।

(फ) निर्वाचन वा मतगणना सम्बन्धमा कुनै विवाद भएमा निर्वाचन अधिकृत र गणकहरू सम्मिलित समितिको निर्णय अन्तिम मानिनेछ ।

(ब) नवीकरण नगरिएका र निर्धारित समयमा साधारण सभा सम्पन्न नगरेका समूह, युथ नेटवर्क वा निर्माणाधिन समूह र निर्माणाधीन युथ नेटवर्कको प्रतिनिधि वा पर्यवेक्षकलाई साधारण सभामा भाग लिने अधिकार रहने छैन । निर्धारित समयमा नवीकरण वो साधारणसभा नगर्ने समूह वा युथ नेटवर्कको तर्फबाट कोही उम्मेदवार भएको अवस्थामा निजको उम्मेदवारी अमान्य हुनेछ ।

# परिच्छेद–९

## नियमावलीको संशोधन

### २०. नियमावली संशोधनको प्रस्ताव

(क) नेसनल बोर्डले यो नियमावली संशोधन गर्न आवश्यक देखेमा आवश्यक संशोधन गरी साधारणसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

(ख) कुनै मान्यताप्राप्त समूह वा युथ नेटवर्कले यो नियमावलीमा संशोधन गराउन चाहेमा यसै नियमावलीको परिच्छेद ४ बमोजिम छलफलका विषयहरूमा समावेश गरी गराई संशोधन प्रस्ताव ल्याउन सक्नेछन् ।

### २१. संशोधन भएको मानिने

(क) नेसनल बोर्डबाट गरिएको संशोधन साधारणसभाबाट अनुमोदन भएपश्चात् र समूह/युथनेटवर्कबाट प्रस्तावित संशोधन साधारणसभामा उपस्थित प्रतिनिधिहरूको बहुमतले पारित गरेमा यो नियमावलीमा संशोधन भएको मानिनेछ ।

(ख) पारित संशोधन तुरुन्तै लागू हुनेछ ।

### २२. खारेजी तथा बचाऊ :

(क) एम्नेस्टी नेपाल राष्ट्रिय परिषद् नियमावली, २०५५ खारेज गरिएको छ ।

(ख) एम्नेस्टी इन्टरनेसनल नेपालको साधारणसभा नियमावली, २०६२ प्रारम्भ हुनु अघि भए गरेका काम कारबाही यसै नियमावली अनुरूप भए गरेको मानिने छ ।

♣ समाप्त ♣

# एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको
## समूह र युथ नेटवर्क सञ्चालनसम्बन्धी नियमावली २०६२ (सन् २००५) को चौथो संशोधन २०७८ (सन् २०२१)*

**प्रस्तावना**

एम्नेस्टी इन्टरनेसनलको अभियानलाई जरैदेखि मजबूत पार्नको लागि समूहर युथनेटवर्कहरूको भूमिका महत्वपूर्ण हुने कुरालाई हृदयङ्गम गर्दै समूह निर्माण तथा सञ्चालनको लागि उपयुक्त नियमहरू तयार गर्न बाञ्छनीय भएकोले एम्नेस्टी इन्टरनेसनल नेपालको विधानले दिएको अधिकार प्रयोग गरी नेसनल बोर्डद्वारा यो "समूह र युथनेटजर्क सञ्चालनसम्बन्धी नियमावली, २०६२ (सन् २००५) को चौथो संशोधन २०७८ (२०२१)" तयार गरी लागू गरिएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(क) यो नियमावलीको नाम **एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको समूह र युथ नेटवर्क सञ्चालनसम्बन्धी नियमावली, २०६२ (२००५)** को चौथो संशोधन २०७८ (सन् २०२१) रहने छ ।

(ख) यो नियमावली एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारणसभाबाट अनुमोदन भएपछि तत्काल लागू हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) "ए.आई." भन्नाले एम्नेस्टी इन्टरनेसनललाई जनाउने छ ।

(ख) "विधान" भन्नाले ए. आई. नेपाल शाखाको विधानलाई बुझाउने छ ।

(ग) "साधारणसभा" भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको वार्षिक साधारण सभालाई जनाउनेछ ।

(घ) "नेसनल बोर्ड" भन्नाले ए. आई. नेपालको विधान बमोजिम निर्वाचित नेसनल बोर्ड लाई सम्झनु पर्नेछ ।

(ङ) "पुनरावेदन समिति" भन्नाले ए. आई. नेपालको विधान बमोजिम निर्वाचित पुनरावेदन समितिलाई जनाउनेछ ।

(च) "राष्ट्रिय सचिवालय" भन्नाले ए.आई. नेपाल शाखाको सचिवालयलाई जनाउनेछ ।

(छ) "समूह वा निर्माणाधिन समूह र युथ नेटवर्क वा निर्माणाधीन युथ नेटवर्क" भन्नाले एम्नेस्टी नेपाल शाखाको विधान बमोजिम आबद्धता प्राप्त गरेका समूह वा निर्माणाधिन समूह र युथ नेटवर्क वा निर्माणाधीन युथ नेटवर्कलाई बुझाउनेछ ।

(ज) "समूहगत साधारण सदस्य" भन्नाले सम्बन्धित समूह वा निर्माणाधिन समूह र युथ नेटवर्क वा निर्माणाधीन युथ नेटवर्कमार्फत् एम्नेस्टी नेपालको सदस्यता प्राप्त गरेका सदस्यलाई जनाउनेछ ।

(झ) "तोकिएको वा तोकिए बमोजिमका कुराहरू" भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान, नियमावली, निर्देशिका, कार्यविधि वा नेसनल बोर्डले तोकेबमोजिमको कुरालाई जनाउनेछ ।

* *२९औं साधारणसभाले गरेको संशोधन समाविष्ट ।*

## परिच्छेद– २
## समूह निर्माण

### ३. निर्माणाधिन समूह र निर्माणाधीन युथ नेटवर्क :

(१) एम्नेस्टी नेपाल शाखाबाट  सदस्यता प्राप्त गरिसकेका कम्तिमा पनि ५० व्यक्तिहरू मिलेर स्वयंसेवी रूपमा एम्नेस्टी इन्टरनेसनलको अभियान सञ्चालन गर्न चाहेमा उनीहरूले निर्माणाधिन समूह र निर्माणाधीन युथ नेटवर्कको आबद्धताका लागि नेसनल बोर्डमा लिखित निवेदन दिन सक्नेछन् ।

(२) नियम ३ (१) बमोजिम निवेदन पर्न आएमा नेसनल बोर्डले देहायका कुराहरूलाई विचार गरी निर्माणाधिन समूह र निर्माणाधीन युथ नेटवर्कको रूपमा आबद्धताको मान्यता दिन सक्नेछ ।

(क) त्यो जिल्लामा अन्य एम्नेस्टी समूह र युथ नेटवर्क भए नभएको,

(ख) सो जिल्लामा अन्य समूह र युथ नेटवर्क भए पनि त्यस्तो समूह र युथ नेटवर्कसँग निजहरूको आबद्ध भई कार्य सञ्चालन गर्न भौगोलिक हिसाबले सम्भव भए नभएको,

(ग) सो ठाउँमा यातायात सुविधा, हुलाक, टेलिफोन वा अन्य विद्युतीय सञ्चार माध्यमको सहज पहुँचको व्यवस्था भए नभएको,

(घ) त्यस्ता समूह र युथ नेटवर्क सञ्चालनको लागि समूह र युथ नेटवर्ककै तर्फबाट आवश्यक स्रोत साधनको व्यवस्थापनको सम्भावना,

### ४. समूह र युथ नेटवर्कको रूपमा आबद्धताको मान्यता

(१) निर्माणाधीन समूह र निर्माणाधीन युथ नटवर्कको रूपमा कम्तीमा ६ महिनाभित्रमा तोकिए बमोजिम एम्नेस्टी इन्टरनेसनलको अभियान सञ्चालन गरे पश्चात् समूहको रूपमा आबद्धताको मान्यता पाउनको लागि प्रस्तावित विनियम तथा तदर्थ कार्यसमितिको नामावलीसहित नेसनल बोर्डमा आवेदन गरेमा नेसनल बोर्डले समूहको आबद्धताको मान्यता दिई अन्तर्राष्ट्रिय सचिवालय (आई.एस.) मा जानकारी गराउनेछ । अन्तर्राष्ट्रिय सचिवालयमा समूह नम्बर सहित जानकारी गराएपछि पूर्ण समूहको आबद्धताको मान्यता प्राप्त हुनेछ ।

(२) समूह र युथ नेटवर्क तथा निर्माणाधिन समूह र निर्माणाधीन युथ नेटवर्कहरूको आबद्धताको मान्यता र अमान्यता यसका लागि पारित अन्तर्राष्ट्रिय निर्देशानुसार हुनेछ । एम्नेस्टी नेपालमा आबद्ध भएका समूह र युथ नेटवर्कहरूको मान्यता र अमान्यता सम्बन्धी नेसनल बोर्डको निर्णयमा अन्तर्राष्ट्रिय निर्देशनहरूको पालना भएको हुनुपर्ने छ ।

(३) निर्माणाधिन समूह तथा समूह र निर्माणाधीन युथ नेटवर्क र युथ नेटवर्कको रूपमा आबद्धताको मान्यता प्राप्त गरेपछि त्यस्ता समूह र युथ नेटवर्कहरूले नेसनल बोर्डले तोकेबमोजिमको दर्ता शुल्क र वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

## परिच्छेद– ३
## समूह र युथ नेटवर्क सञ्चालन

### ५. समूह र युथ नेटवर्क साधारण सभा :

साधारण सभा समूह वा निर्माणाधिन समूह र युथ नेटवर्क वा निर्माणाधीन युथ नेटवर्कको नीतिगत निर्णय लिने सर्वोच्च निकाय हुनेछ । यसको बैठक प्रत्येक वर्ष बस्नेछ र यस्तो बैठक एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको वार्षिक साधारणसभा हुनुभन्दा दुई महिना अगाडि नै सम्पन्न हुनु पर्नेछ । समूह र युथ नेटवर्कको साधारणसभाले मानवअधिकार अभियानको प्राथमिकता निर्धारण गर्ने, समूह कार्यसमितिको नियमित निर्वाचन गर्ने र समूहको वार्षिक प्रगति विवरण, कार्ययोजना, आर्थिक प्रतिवेदन तथा वार्षिक बजेट पारित गर्नेछ ।

## **६. समूह र युथ नेटवर्कको कार्यसमिति :**

(क) समूह वा निर्माणाधिन समूह र युथ नेटवर्क वा निर्माणाधीन युथ नेटवर्क सञ्चालनका लागि हरेक समूह वा निर्माणाधीन समूह र युथ नेटवर्क वा निर्माणाधीन युथ नेटवर्कमा देहायबमोजिमको सदस्यहरू रहेको कार्यसमिति हुनु पर्नेछ :

१) संयोजक -१

२) उप-संयोजक -१

३) सचिव -१

४) सहसचिव -१

५) कोषाध्यक्ष -१

६) सदस्यहरू -४

कार्य समितिमा कम्तिमा ३३ प्रतिशत महिला अनिवार्य हुनुपर्नेछ ।

(ख) कार्यसमितिका पदाधिकारीहरूको पदावधि दुई वर्षको हुनेछ ।

(ग) संयोजक, उपसंयोजक, सचिव, सहसचिव र कोषाध्यक्षले लगातार दुई कार्यकालसम्म निर्वाचित भइसकेपछि पुनः तेस्रो कार्यकालको लागि सोही पदमा उम्मेदवारी दिन पाउने छैन भने कार्यसमितिका कुनै पनि पदमा एउटै व्यक्तिले लगातार तीन कार्यकाल भन्दा बढीका लागि उम्मेदवारी दिन सक्ने छैन ।

## **७. समूह र निर्माणाधिन समूह तथा युथ नेटवर्क र निर्माणाधीन युथ नेटवर्कको काम, कर्तव्य र अधिकार**

(१) नियमित रूपमा ए.आई.द्वारा अन्तर्राष्ट्रिय रुपमा सञ्चालित अभियान सम्बन्धमा स्थानीयस्तरमा गतिविधिहरू सञ्चालन गर्ने,

(२) ए.आई.को क्रियाकलापहरूको प्रचारप्रसार गर्ने

(३) सदस्यता अभिवृद्धि गर्ने, तिनको अभिलेख दुरुस्त राख्ने र सदस्यहरुलाई अभियानसँग सम्बन्धित जानकारी दिलाउने ।

(४) विषयगत संयोजक वा समिति तोकी जिम्मेवारी दिने ।

(५) वार्षिक कार्ययोजना, गतिविधि एवं आर्थिक प्रतिवेदन र वार्षिक बजेट साधारणसभाबाट पारित गराई राष्ट्रिय सचिवालयमा बुझाउने

(६) प्रत्येक समूह तथा निर्माणाधिन समूह र युथ नेटवर्क तथा निर्माणाधीन युथ नेटवर्कले ६-६ महिनामा आफ्नो सदस्यता, कार्यसमिति निर्णयको प्रतिलिपि, गतिविधि, आर्थिक विवरण र तोकिए बमोजिमका प्रतिवेदन वा जानकारीहरू राष्ट्रिय सचिवालयमा उपलब्ध गराउने,

(७) सामान्यतया प्रत्येक महिना कार्यसमितिको बैठक गर्ने,

(८) प्रत्येक वर्ष साधारणसभा सम्पन्न गर्ने

(९) एम्नेस्टी. नेपालको साधारणसभामा भाग लिने तथा आफ्नो स्रोत, साधन र क्षमताले भ्याएसम्म एम्नेस्टी नेपलका कार्यक्रममा सहभागी हुने

(१०) समूह र युथ नेटवर्क सञ्चालनका लागि नेसनल बोर्डले तोकेको ढाँचा बमोजिमको विनियम बनाई नेसनल बोर्डमा अनुमोदनको लागि पेश गर्ने,

(११) अन्तरराष्ट्रिय सचिवालय र नेसनल बोर्डको निर्देशन अनुसार काम गर्ने

(१२) अर्थ संकलन गर्ने र आय-व्यय तथा सम्पत्तिको विवरण दुरुस्त राख्ने,

(१३) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

## ८. समूहगत साधारण सदस्यता प्राप्ति तथा नवीकरण

(क) सदस्यता प्राप्ति

(१) कुनै समूह र युथ नेटवर्कले कुनै व्यक्तिलाई सदस्यता सिफारिस गर्दा तोकिएको ढाँचाको आवेदन फारम भर्न लगाई कार्य समितिको प्रमाणित निर्णय, वा कार्य समितिको संयोजक वा सचिव वा कार्यसमितिले तोकेको अन्य कुनै सदस्यको सिफारिश र सदस्यता शुल्कका साथ राष्ट्रिय सचिवालयमा पठाउनु पर्नेछ ।

(२) विशेष समूह, जस्तै : शिक्षक समूह वा कानुन व्यवसायी समूह, मार्फत् पहिलोपटक सदस्यता लिने व्यक्तिहरुले आफ्नो पेशागत वा विशेष परिचय खुल्ने परिचयपत्रको प्रतिलिपि तथा अन्य समूह मार्फत् सदस्यता लिन चाहने व्यक्तिले नागरिकता वा सरकारी निकायबाट प्राप्त परिचय पत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

(३) सदस्यता आवेदन राष्ट्रिय सचिवालयमा प्राप्त भएपछि नेसनल बोर्डले तोकेको व्यक्तिको सिफारिसमा ए.आई. को साधारण सदस्यता प्रदान गर्न सकिनेछ ।

(४) समूह र युथ नेटवर्कले राष्ट्रिय सचिवालयमा बुझाउनु पर्ने सदस्यता शुल्क बाहेक नेसनल बोर्डको स्वीकृति लिई समूहको कार्यसमितिले तोके बमोजिमको समूह सहयोग शुल्क समेत लिन सक्नेछ ।

(ख) सदस्यता नवीकरण

(१) हरेक समूहगत साधारण सदस्यले आफ्नो सदस्यता समाप्त भएको छ महिनाभित्रमा सम्बन्धित समूह वा युथ नेटवर्कको संयोजक, सचिव वा कार्य समितिले तोकेको व्यक्तिको सिफारिससहित आवश्यक शुल्क बुझाई सदस्यता नवीकरण गर्न सक्नेछन् ।

(२) समूह र युथ नेटवर्कले आफ्नो कोष बृद्धिको लागि समूहको कार्यसमितिले तोके बमोजिमको सदस्यता नवीकरण शुल्क उठाउन सक्नेछ ।

## ९. समूह तथा युथ नेटवर्कको खारेजी

देहायकोमध्ये कुनै पनि आधार वा प्रक्रिया पूरा नगरेको अवस्थामा नेसनल बोर्डले समूह र युथ नेटवर्कको आवद्धताको मान्यता खारेज गर्न सक्नेछ :

(१) विधानको दफा ६.५ मा उल्लिखित कार्यादेश विपरित कार्य गरेमा ।

(२) वर्षमा कम्तिमा पनि ए.आई. ले सञ्चालन गरेको अन्तर्राष्ट्रिय अभियानसँग सम्बन्धित ३ वटा सार्वजनिक कार्यक्रम नगरेमा,

(३) समूह तथा युथ नेटवर्कमा ६ महिना भन्दा बढी समयसम्म लगातार समूह वा युथ नेटवर्क रहीरहनका लागि तोकिएको न्यूनतम भन्दा कम सदस्य भएमा,

(४) दुई वर्षभन्दा लामो समयसम्म साधारणसभा नगरेमा ।

(५) देहाय बमोजिमको न्यूनतम ४ वटा कार्यहरू गर्न नसकेमा

(क) वार्षिक कार्ययोजना, कार्यसमिति बैठकको निर्णय, गतिविधि एवं आर्थिक प्रतिवेदन र वार्षिक बजेट साधारणसभाबाट पारित गराई सचिवालयमा नबुझाएमा,

(ख) तोकिएको म्यादभित्र विनियम सचिवालयमा पेश गर्न नसकेमा,

(ग) कार्यसमितिको बैठक वर्षमा कम्तीमा ४ पटक बस्न नसकेमा,

(घ) म्याद नाघेको एक वर्षभित्र समूह वा युथ नेटवर्कको नवीकरण नगराएमा,

(ङ) प्रत्येक ६-६ महिनामा आफ्नो सदस्यता, क्रियाकलापहरू, आर्थिक स्थिति र अन्य सम्बन्धित विषयहरू सम्बन्धी प्रतिवेदन नेसनल बोर्डमा उपलब्ध नगराएमा

(च) ए.आई. नेपालको साधारणसभामा भाग नलिएमा

(छ) कार्यसमितिको निर्णय (माइन्युट), सदस्यता रेकर्ड, आर्थिक विवरण, समूह गतिविधि तथा पत्राचार लगायतका विस्तृत विवरण सहितको अभिलेख व्यवस्थित गरी नराखेमा

(ज) तोकिए बमोजिम समूह नेतृत्व हस्तान्तरण नगरेमा ।

**१०. चेतावनी :**

नियम ९ को कुनै अवस्था विद्यमान भई समूह वा युथ नेटवर्क खारेज गर्नु पर्ने अवस्थामा देहायका कुराहरू हेर्दा नेसनल बोर्डले तत्काल सम्बन्धित समूह वा युथ नेटवर्क खारेज गर्न अनुपयुक्त हुने देखेमा एक पटकको लागि चेतावनी दिन वा निलम्बन गर्न सक्नेछ :

(१) सचिवालयमा माग भए बमोजिमका आवधिक प्रतिवेदनहरू पेश गरेको,

(२) वार्षिक योजना तथा बजेट तर्जुमा गरी सचिवालयमा पठाएको,

(३) तोकिए बमोजमका संयोजकहरू नियुक्त गरी तिनले सक्रियतापूर्वक कार्य गरिरहेको,

(४) उपयुक्त ढङ्गबाट पत्राचारहरू तथा अन्य फाइलहरू दुरूस्त पारी राखेको,

५) राष्ट्रिय सचिवालयसँग नियमित पत्राचार गर्ने तथा राष्ट्रिय सचिवालयबाट पठाइएका पत्रहरूको नियमित जवाफ पठाउने गरे नगरेको,

(६) ए.आई. द्वारा प्रकाशित जरूरी अपिल लगायत पत्रलेखन अभियानहरूमा नियमित रूपमा पत्राचार गरी सचिवालयमा बोधार्थ पठाउने गरे नगरेको,

(७) कोष बृद्धिमा सक्रिय रहे नरहेको,

(८) नेसनल बोर्डले आयोजना गर्ने गरेको कार्यक्रमहरूमा सहभागी भए नभएको ,

(९) नेसनल बोर्डले सुझाव दिएबमोजिम कार्यक्रमहरू सञ्चालन गर्ने गरे नगरेको,

(१०) ए.आई. नेपालको साधारणसभामा सहभागिता भए नभएको ।

## परिच्छेद–४
## विविध

**११. समूह र युथ नेटवर्कको विनियम :**

(१) यो समूह र युथ नेटवर्क सञ्चालन सम्बन्धी नियमावली संशोधन भई लागू भएको मिति भन्दा अगाडि नेसनल बोर्डबाट विनियम स्वीकृत गराई सञ्चालन भइरहेका समूह र युथ नेटवर्कले यो नियमावली अनुसार विनियम संशोधन गरी स्वीकृतिका लागि नेसनल बोर्डमा पठाउनु पर्नेछ ।

(२) कुनै समूह वा युथ नेटवर्कले विनियममा कुनै कुरा संशोधन गरेमा सोको जानकारी सचिवालयमा पठाई नेसनल बोर्डबाट अनुमोदन भए पश्चात् मात्र लागू हुनेछ ।

(३) समूह वा युथ नेटवर्कले बनाएको विनियम एम्नेस्टी नेपालको विधान वा एम्नेस्टी नेपालका अन्य नियमावलीहरूसँग बाझिएको भएमा बाझिएको हदसम्म अमान्य भई एम्नेस्टी नेपालको विधान वा नियमावलीहरू अनुरूप हुनेछ ।

**१२. नेसनल बोर्ड, समूह र युथ नेटवर्क सञ्चालनको निमित्त जिम्मेवार नहुने :**

(क) नेसनल बोर्ड, समूह वा निर्माणाधिन समूह र युथ नेटवर्क वा निर्माणाधीन युथ नेटवर्कलाई कुनै अनुदान वा ऋण उपलब्ध गराउने कुरामा जिम्मेवार हुने छैन

(ख) कुनै समूह वा निर्माणाधिन समूह र युथ नेटवर्क वा निर्माणाधीन युथ नेटवर्कको ऋण, धन वा आर्थिक दायित्वप्रति नेसनल बोर्ड जिम्मेवार रहने छैन ।

**१३. नियमावलीको व्याख्या तथा बचाऊ :**

(१) यो नियमावलीको व्याख्या गर्ने अन्तिम अधिकार नेसनल बोर्डमा हुने छ ।

(२) समूह र युथ नेटवर्क सञ्चालनको निमित्त यो नियमावलीमा लेखिएका कुराहरूमा यसै नियमावली बमोजिम हुने छ । यो नियमावली वा यसमा लेखिएका कुनै कुरा एम्नेस्टी इन्टरनेसनल वा ए.आई.नेपालको विधानसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

♣ समाप्त ♣

# एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको

## नेसनल बोर्ड नियमावली २०६२ (सन् २००५) को चौथो संशोधन २०७८ (सन् २०२१)*

**प्रस्तावना**

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको नेसनल बोर्डका पदाधिकारी तथा सदस्यहरूको सेवा, शर्त र सुविधाको व्यवस्था गर्न आवश्यक भएकाले एम्नेस्टी नेपालको विधानले दिएको अधिकार प्रयोग गरी नेसनल बोर्डले यो "नेसनल बोर्ड नियमावली २०७८ (२०२१)" बनाई लागू गरिएको छ।

### परिच्छेद–१
### प्रारम्भिक

**१. संक्षिप्त नामः**

(क) यो नियमावलीको नाम "एम्नेस्टी नेपाल नेसनल बोर्ड नियमावली २०६२ (२००५)" को चौथो संशोधन २०७८ (सन् २०२१) रहनेछ।

(ख) यो नियमावली साधारणसभाबाट अनुमोदन भएपश्चात् तत्काल लागू हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ लागेमाबाहेक यस नियमावलीमा :

(क) "विधान" भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपालको विधानलाई बुझाउनेछ।

(ख) "नेसनल बोर्ड" भन्नाले एम्नेस्टी नेपालको राष्ट्रिय कार्यसमितिलाई सम्झनु पर्नेछ।

(ग) "पदाधिकारी" भन्नाले विधान अनुसार गठित नेसनल बोर्डका अध्यक्षदेखि सदस्यसम्मका पद धारण गर्ने व्यक्तिहरूलाई जनाउने छ।

(घ) "तोकिए बमोजिम" भन्नाले विधान, यो नियमावली वा नेसनल बोर्डले तोकेबमोजिमका कुराहरूलाई जनाउने छ।

### परिच्छेद–२
### काम, कर्तव्य र अधिकार

**३. नेसनल बोर्डको काम, कर्तव्य र अधिकार**

(क) एम्नेस्टी इन्टरनेसनलको ग्लोबल असेम्ब्ली (Global Assembly) र अन्तर्राष्ट्रिय बोर्ड (आई.बि.) एवं अन्तर्राष्ट्रिय सचिवालय (आई.एस.) को निर्णयहरू कार्यान्वयन गर्ने गराउने तथा सूचना, अवधारणा र प्रकाशनहरू प्रचार प्रसार गर्ने गराउने,

(ख) साधारणसभाबाट निर्धारित नीति अनुरूप कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ग) एम्नेस्टी नेपालको प्रशासनिक, आर्थिक, श्रोत व्यवस्थापन र अभियान सञ्चालन जस्ता कार्यहरूको अनुगमन गर्ने ,

* २९ औं वार्षिक साधारण सभाले गरेको संशोधन समाविष्ट

(घ) नेसनल बोर्डलाई आवश्यक सल्लाह दिन बढीमा तीन सदस्यीय सल्लाहकार समितिको गठन गर्ने,

((ङ) संस्थाको विशेष आवश्यकता अनुरूप विभिन्न उप-समिति र विशेष समिति(हरू)को गठन गरी त्यसको काम, कर्तव्य र अधिकार तोक्ने,

(च) एम्नेस्टी नेपालको कार्य सञ्चालनका लागि आवश्यक नियम, विनियम तथा उपनियमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने,

(छ) कुनै सदस्यको सदस्यता, समूह तथा निर्माणाधीन समूह, युथ नेटवर्क, निर्माणाधीन युथ नेटवर्क वा नेसनल बोर्डका पदाधिकारी तथा सदस्यहरूलाई विधान र नियमावली अनुरूप निलम्बन, निष्कासन वा खारेज गर्ने,

(ज) एम्नेस्टी  नेपालको कार्य सञ्चालनका लागि आवश्यक निर्देशिका एवं कार्यविधि(हरू) निर्माण गरी लागू गर्ने र

(झ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

## परिच्छेद–३
## सेवाशर्त र सुविधा

### ४. नेसनल बोर्ड पदाधिकारी तथा सदस्यहरूको सेवाशर्त :

(क) एम्नेस्टी  नेपाल शाखाद्वारा संचालित मानवअधिकार सम्बन्धी अभियान तथा क्रियाकलापहरूमा नेसनल बोर्डका पदाधिकारीहरूको संलग्नतालाई स्वयंसेवी मानिनेछ ।

(ख) नेसनल बोर्डका पदाधिकारीहरूले तोकिए बमोजिमका भत्ता वा विशेष कामको लागि पाउने खर्च रकम बाहेक कुनै प्रकारको नियमित पारिश्रमिक पाउने छैनन् ।

(ग) नेसनल बोर्डका प्रत्येक पदाधिकारीहरू एम्नेस्टीको हित विपरीत नहुने गरी यसका अभियानहरूमा निस्वार्थ रूपमा समर्पित हुनु पर्नेछ ।

(घ) नेसनल बोर्डका पदाधिकारीहरूले सक्रियतापूर्वक विधानमा तोकिए बमोजिमका काम गर्नुपर्नेछ ।

(ङ) नेसनल बोर्डका कुनै पदाधिकारीलाई नेसनल बोर्डले आवश्यक अभियानमा प्रतिनिधि, पर्यवेक्षक वा प्रशिक्षकका रूपमा खटाई पठाउन सक्नेछ ।

तर प्रशिक्षकको रूपमा खटाइने पदाधिकारीले अनिवार्य रूपमा एम्नेस्टी को प्रशिक्षक प्रशिक्षण प्राप्त गरेको हुनुपर्नेछ ।

(च) नेसनल बोर्डका कुनै पदाधिकारीलाई कुनै विशेष कामको निमित्त खटाई पठाउँदा निजले, पालना गर्नुपर्ने नियम, पाउने सुविधा तथा शर्तहरू तोकिए बमोजिम हुनेछ ।

### ५. बैठक भत्ता :

नेसनल बोर्डको बैठकमा सहभागी हुने व्यक्तिलाई तोके बमोजिम बैठक भत्ता दिइने छ ।

### ६. भ्रमण भत्ता :

(क) नेसनल बोर्डका पदाधिकारीलाई बैठकमा भाग लिन वा एम्नेस्टी नेपालको कामले अन्य कारणले आफू बसेको ठाउँबाट अन्यत्र खटाइएकोमा जान तथा आउन बाटोमा लागेको दिनकोसमेत भत्ता उपलब्ध गराइनेछ । तर एकै दिनको निमित्त भ्रमण भत्ता र बैठक भत्ता दुवै दावी गर्न पाइने छैन । मातृ समूह, युथ नेटवर्क र स्थानीय समूह, युथ नेटवर्कमा खटाइएकोमा यस्तो भत्ता दावी गर्न पाइने छैन ।

(ख) बाटाको दिन गणना गर्दा बैठकमा भाग लिने प्रयोजनका लागि जतिसुकै दिन लागे पनि केवल आउनको लागि एक दिन र जानको लागि एक दिन गरी दुई दिन मात्र र अन्य प्रयोजनका लागि आतेजातेमा लागेको वास्तविक दिनलाई गणना गरिनेछ ।

**७. यातायता खर्च :**

नेसनल बोर्डका कुनै सदस्यलाई एम्नेस्टी  नेपालको कुनै कामको निमित्त खटाउँदा लागेको यातायात खर्च एम्नेस्टी  नेपालले व्यहोर्नेछ ।

**८. खाना तथा आवासको व्यवस्था :**

नेसनल बोर्डको बैठकमा भाग लिने वा अन्य कुनै कार्यको लागि खटाइएका नेसनल बोर्डका सदस्यहरूले अन्य व्यवस्था गरिएकोमा बाहेक खाना तथा लजको  व्यवस्था आफै गर्नुपर्नेछ ।

**९. औषधी उपचार खर्च :**

नेसनल बोर्ड का कुनै पदाधिकारी तथा सदस्य एम्नेस्टी  को अभियानमा प्रतिनिधि, पर्यवेक्षक वा प्रशिक्षकका रूपमा हिंड्दा विरामी भई उपचार गर्नु परेमा शाखाको आर्थिक अवस्था र विरामीको उपचार गर्दा लाग्ने खर्चको समेत विचार गरी नेसनल बोर्ड बाट भएको निर्णय बमोजिम बढीमा दश हजार रुपैयाँसम्म उपचार खर्च पाउनेछ ।

**१०. दुर्घटना तथा स्वास्थ्य विमा :**

नेसनल बोर्ड का पदाधिकारीहरुको जनही ५००,०००/– को दुर्घटना विमा तथा रु १००,०००।-को स्वास्थ्यसम्बन्धी बीमा गरिनेछ । सो विमा सम्बन्धी व्यवस्था नेसनल बोर्डमा वहाल रहँदाका अवस्थामा मात्र लागू हुनेछ ।

**११. पारिश्रमिक :**

नेसनल बोर्डका कुनै पदाधिकारी तथा सदस्यलाई कुनै प्रशिक्षण कार्यक्रममा प्रशिक्षकको रूपमा खटाइएमा वा निजले विधान बमोजिम गर्नु पर्ने बाहेक निजको विशेषज्ञता भएको अन्य कुनै विशेष काम लगाइएमा कार्य समितिले तोके बमोजिमको पारिश्रमिक दिन सकिने छ ।

## परिच्छेद– ४
## विविध

**१२. खर्चसम्बन्धी व्यवस्था :**

माथि विभिन्न नियममा उल्लेख गरिएको भत्ता, पारिश्रमिक तथा अन्य सुविधाका लागि आवश्यक खर्च एम्नेस्टी  नेपाल शाखाले व्यहोर्नेछ ।

**१३. मितव्ययिता :**

कार्यक्रमको प्रतिवेदन वा समाचार बुझाउँदा वा पठाउँदा फ्याक्स, टेलिफोन, चिठ्ठी वा फोटोका लागि लागेको  खर्च एम्नेस्टी  नेपालले ब्यहोर्नेछ तर त्यसमा यथासम्भव छिटो छरितो र न्यूनतम खर्चको साधन प्रयोग गर्नु पर्नेछ ।

**१४. संशोधन :**

यो नियमावली वा यसमा उल्लिखित कुनै पनि कुरालाई संशोधन वा खारेज गर्न चाहेमा नेसनल बोर्डले सोसम्बन्धी प्रस्ताव साधारणसभामा पेश गरी साधारणसभामा उपस्थित सदस्यहरूको सामान्य बहुमतबाट अनुमोदन भएमा यो नियमावली संशोधन वा खारेज भएको मानिनेछ ।

**१५. बाधा अड्काउ फुकाउने :**

(क) यो नियमावलीमा उल्लेख नभएका कुराका सम्बन्धमा नेसनल बोर्डको निर्णय बमोजिम हुनेछ ।

(ख) यो नियमावलीमा नेसनल बोर्डले गर्ने भनिएको कार्य नेसनल बोर्डको बहुमतले गर्नेछ ।

**१६. खारेजी र बचाउ :**

(क) नेसनल बोर्ड नियमावली २०५५ खारेज गरिएको छ ।

(ख) यो नियमावली प्रारम्भ हुनु अगाडि यसमा उल्लिखित कुराहरुको सम्बन्धमा भए गरेका सबै कामहरु यसै नियमावली अनुरुप भए गरेको मानिने छ ।

(ग) यो नियमावलीमा उल्लिखित कुनै कुरा विधानसंग बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

♣ समाप्त ♣

एम्नेस्टी
इन्टरनेसनल

**एम्नेस्टी इन्टरनेसनल** नेपाल
एम्नेस्टीमार्ग, वसन्तनगर
पो.ब.नं. १३५, बालाजु, काठमाडौं ।
फोन नं. ०१-४३६५४३१, ०१-४३६४७०६
फ्याक्स ०१-४३५४९८७
इमेल info@amnestynepal.org
वेवसाइट www.amnestynepal.org